# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## निजगढ नगरपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## निजगढ नगरपालिका

## बारा

### आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

निजगढ नगरपालिका

बारा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ९२

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री प्रमुखज्यू,

निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बारा ।

१. **कैफियत सहितको राय** – हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन् ।

२.२. लेखापरीक्षणबाट रू.९ करोड ४२ लाख ८४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७९ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड १३ लाख, नियमित गर्नुपर्ने रु.१७ लाख ७३ हजार र पेश्की बाँकी रु.२ करोड ३२ लाख १४ हजार समेत गरी यस वर्ष रु.९ करोड ४२ लाख ८४ हजार बेरुजु कायम रहेको छ । निजगढ नगरपालिकाको गतवर्ष सम्म रु.५९ करोड ५९ लाख ६३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजु रु.६९ करोड २ लाख ४७ हजार रहेको छ । निजगढ नगरपालिकाको बेरुजु वर्गिकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने निजगढ नगरपालिका सँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी निजगढ नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्यामप्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

निजगढ नगरपालिका,

बारा

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

<table>
<tr><th colspan="3" rowspan="2">प्रारम्भिक बेरुजु</th><th colspan="3" rowspan="2">प्रतिक्रियाबाट फस्यौंट</th><th colspan="3" rowspan="2">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th>असुल गर्नु पर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नु पर्ने</th><th rowspan="2">अनियमित भएको</th><th rowspan="2">प्रमाण कागजात पेश नभएको</th><th rowspan="2">जिम्मेवारी नसारेको</th><th rowspan="2">सोधभर्ना नलिएको</th><th rowspan="2">जम्मा</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th></tr>
<tr><td>६६</td><td>१०५</td><td>९४२८४</td><td>०</td><td>०</td><td>०</td><td>६६</td><td>१०५</td><td>९४२८४</td><td>७९९७</td><td>१७७३</td><td>६१३००</td><td>०</td><td>०</td><td>६३०७३</td><td>२३२१४</td></tr>
</table>

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| निजगढ नगरपालिका, बारा | ५९५९६३ | ० | ० | ५९५९६३ | ० | ९४२८४ | ६९०२४७ |

# परिचय

१ **(क) कार्यालय परिचय** :-स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १३ वडा, २८९.४ वर्ग किलोमिटर क्षेत्रफल तथा करिव ५० हजार जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।४ देखि २०८०।१०।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- आय तर्फ आन्तिरक आय रु. ६३६३२४३१.४७ राजस्व बाँडफाँड रु

१३८४८४५४२.६६, अनुदान रु. ४२९६९३००० तथा अन्य प्राप्ति रू २५३४२६१२ लगायत जम्मा रु ६५७१५२५८६.१३ र व्यय तर्फ चालु खर्च रु. ४१२९३४८६२.१२, पूँजिगत खर्च रु.१९१६७६९६२ तथा अन्य कोष खर्च रु.२७१७४६५.२० समेत जम्मा खर्च रू.६०७३२९२८९.३२ समेत आय व्ययको कुल जम्मा रू.१,२६,४४,८१,८७५.४५ को लेखापरीक्षण सम्पन्न भएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१२००० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | कार्यक्रम संचालनमा हल भाडा वापतको बढी भुक्तानी रकम नगरपालिकाको वेरुजु खातामा दाखिला | १२००० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय प्रतिवेदन

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्न अनुसार देखिएको छ।

| **प्रासीभुक्तानी हिसाव** | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **यसवर्ष रु.** | | | **गतवर्षरु.** | |
| | **बजेट** | **प्राप्ति/भुक्तानी** | **जम्मा** | **प्राप्ति/भुक्तानी** | **जम्मा** |
| **प्रासी (क+ख)** | **१००३९४२०००** | **६५७१५२५८६** | **६५७१५२५८६** | **९५४१७५४४९** | **९५४१७५४४९** |
| क. प्राप्ति | १००३९४२०० | ६३६७८५९७ | ६३६७८५९७ | ९४५९५३४४ | ९४५९५३४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| (संचितकोषमा आम्दानी बाँधिने) | ० | ४ | ४ | २ | २ |
| ११००० कर | २२३३८०००० | १३२९३३२२८ | १३२९३३२२८ | १८४८०१०२३ | १८४८०१०२३ |
| १३००० अनुदान | ४४७२७८००० | ४२९६९३००० | ४२९६९३००० | ४५०१९०००० | ४५०१९०००० |
| संघीय सरकार | ४१२४३४००० | ३९९८४९०००० | ३९९८४९०००० | ४२८८२८०००० | ४२८८२८०००० |
| प्रदेश सरकार | ३४८४४००० | २९८४४००० | २९८४४००० | २१३६२००० | २१३६२००० |
| १४००० अन्य राजस्व | २९१२८४००० | ६९१८३७४७ | ६९१८३७४७ | ३०४७२४६२९ | ३०४७२४६२९ |
| १५००० विविध प्राप्ति | ८०००००० | ४९७६००० | ४९७६००० | ६२३७७९० | ६२३७७९० |
| ३२००० वित्तीय सम्पत्ति | ३४०००००० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २०३६६६१२ | २०३६६६१२ | ८२२२००७ | ८२२२००७ |
| वितरण गर्न बाकी राजस्व | ० | १६६४२१८२ | १६६४२१८२ | ० | ० |
| कोषहरु | ० | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| धरौटी | ० | ३७२४४३० | ३७२४४३० | ८२२२००७ | ८२२२००७ |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| **भुक्तानी (ग+घ)** | **१००३९४२०००** | **६०७३२९२८९** | **६०७३२९२८९** | **८१३४८३१३४** | **८१३४८३१३४** |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | १००३९४२००० | ६०४६११८२४ | ६०४६११८२४ | ८०७५५४०९९ | ८०७५५४०९९ |
| २१००० पारिश्रमिक / सुविधा | १९२५२२००० | १७२५०४७८४ | १७२५०४७८४ | २१९५५०७५१ | २१९५५०७५१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | २४७९३२००० | १३३५८२४८४ | १३३५८२४८४ | १७४११९९३० | १७४११९९३० |
| २५००० सहायता (Subsidy) | १०९४००००० | ८३४६०९४६ | ८३४६०९४६ | ५४८२५९९५ | ५४८२५९९५ |
| २७००० सामाजिक सुरक्षा | २९३६३००० | २१९९०१०९ | २१९९०१०९ | २२०००९३ | २२०००९३ |
| २८००० अन्य खर्च | १८५०००० | १३९६५४० | १३९६५४० | १३५१३७० | १३५१३७० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ४२२८७५००० | १९१६७६९६२ | १९१६७६९६२ | ३५५५०५९६० | ३५५५०५९६० |
| घ. अन्य भूक्तानी | | २७१७४६५ | २७१७४६५ | ८१३४८३१३४ | ८१३४८३१३४ |
| कोषहरु | ० | ० | ० | ० | ० |
| धरौटी | ० | २७१३९७५ | २७१३९७५ | ५९२९०३५ | ५९२९०३५ |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ३४९० | ३४९० | | |
| ङ. यो वर्षको बचत (न्युन) | | ४९८२३२९७ | ४९८२३२९७ | १४०६९२३१५ | १४०६९२३१५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १४८४०४०७५ | १४८४०४०७५ | ७७११७६० | ७७११७६० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | १९८२२७३७२ | १९८२२७३७२ | १४८४०४०७५ | १४८४०४०७५ |
| बैंक तथा नगद | | १९८२६१३० | १९८२६१३० | १९८८२२०९ | १९८८२२०९ |

| बाकी | | ९ | ९ | ५ | ५ |
|---|---|---|---|---|---|

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण वापतको रु.१५५९११०३६।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम वापतको रु.११०८२४९९।५० समेत गरी रु.१६६९९३५३५।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता अनुसार बैङ्क मौज्दात रु.१९८२२७३७२।३० हुनु पर्नेमा बैक मौज्जात रु.१९८२६१३०९।०८ देखाएकोले रु.३३९३६।७८ बैक बढी देखाएको छ । बैक हिसाव मिलान विवरण तयार गरी यथार्थ हिसाव प्रस्तुत गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ **विविध खर्च खाताबाट खर्चः** विविध खर्च खातालाई सुत्रसँग आबद्ध गरिएको छैन । यस खर्च खाताबाट चालु तथा पुजीगत खर्च गरी पछि पुन सोधभर्ना गरी हिसाव मिलान गरेको देखिन्छ । चालु तथा पुजीगत कार्यक्रम खर्चको खाता हुदा हुदै तथा विशेष प्रयोजनको लागि खोलिएको विविध खर्च खाताबाट भुक्तानी तथा कारोबार भएकोले सञ्चित कोषको हिसावले यथार्थ चित्रण गर्दैन ।

सैद्धान्तिक बेरुजु

३ **विविध खाताबाट खर्च** - सरकारी कारोबार निर्देशिका २०७६ ४.२.४ ग-२.७ विविध खर्च खातास्वदेशी वा विदेशी निकायबाट विशेष प्रयोजनको लागि प्राप्त हुने रकम जम्मा गर्न यस प्रकृतिको खाताको व्यवस्था गरिएको र स्थानीय तहको नाममा बजेट बाहिरका रकम कुनै माध्यमबाट प्राप्त हुन आएमा त्यस्तो रकम जम्मा गर्न र चेक जारी गरी खर्च गर्न यो खाता खोल्नु पर्ने उल्लेखछ । यसको विपरित निम्न कार्यको लागि समेत प्रयोग भएको देखिएको छ ।

**सुत्र बाहिर कारोवारः** कृषि विकास बैकमा विविध खाता नं ०५०७६०१५७६८६००७८ मा शुरु मौज्दात रु ४२२४०३१।०० रहेकोमा मिति २०८०।४।३२ सम्म यस पालिकाको रकम रु.२४८५२७८२.२० मौज्दात रहेको देखिन्छ। जस मध्ये गिटी बालुवा उत्खनन् बिक्री वितरणबाट प्राप्त रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी बाँडफाँड गर्नपर्ने रकम रु.१४१५८६६०।०० रहेकोछ । मलेप फा नं २०७२ को बैक तथा नगद मौज्दातमा अर्थात अनुसुची २४ मा समावेश गरेको देखिदैन । यसरी सुत्र बाहिरा नगद तथा बैकिङ्ग कारोबार गर्नु आर्थिक अनुशासन उल्लंघन गरेको देखिन्छ । यसलाई पनि सुत्रमा समावेश गरी कारोबारको यथार्थ चित्रण गरिनुपर्दछ ।

**विविध खाताबाट खर्च भुक्तानीः** विभिन्न प्रकारका पुजीगत तथा चालु प्रकृतिका कार्यहरुको यस खाताबाट भुक्तानी गरी पछि रकम ट्रान्सफर गरी हिसाव मिलान गरेको देखिन्छ । साथै सामजिक सुरक्षा बापतको रकम ८ बैकबाट यसै खातामा जम्मा गरेको तथा फिर्ता रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा यसै खाताबाट रु. ४६११०७१।०० खर्च लेखेकोछ ।यो खाताको उदेश्य बमोजिम सञ्चालन नगरेको देखिन्छ । उदेश्य तथा मर्म अनुसार खाता सञ्चालन तथा व्यवस्थापन गरिनुपर्दछ ।

| खर्च | रु. | जम्मा | रु. |
|---|---|---|---|
| २०७९.६.७ | ३८१५९३ | २०७९.२.२ | १५००००० |
| २०७९.६.१२ | ७७८५४१ | ७.१८ | ४५०००० |
| २०७९.६.१२ | १९३००० | ११.३ | १९९४४८ |
| २०७९.६.१२ | ८४९३१४ | १२.२२ | १०००००० |
| २०७९.६.१२ | ५७३१८५ | २०८०.१.४ | ९६५००० |
| २०७९.६.१२ | ३५४६०० | १.०४ | ९६५००० |

| | | | |
|---|---|---|---|
| २०७९.६.१३ | ५००००० | १.०७ | ५००००० |
| २०७९.६.१३ | १०००००० | २०८०.३.१३ | १०००००० |
| २०७९.६.२६ | १२७५०१ | २०८०.३.१३ | ३५४६०० |
| २०७९.८.१४ | ९६५००० | २०८०.३.१३ | १९३००० |
| २०७९.८.२९ | २४१२५० | २०८०.३.१३ | ८४९३१४ |
| २०७९.९.०१ | ९६५००० | २०८०.३.१३ | २४१२५० |
| २०७९.११.२३ | २१९२३६० | २०८०.३.१३ | ५७३१८५ |
| २०७९.१२.२६ | ४६११०७१ | २०८०.३.१३ | ७७८५४१ |
| २०८०.२.१२ | ४५०००० | २०८०.३.१३ | १८१४९५ |
| २०८०.२.१४ | १७९७४२ | बाँकी | ४६११३२४ |
| जम्मा | १४३६२१५७ | ९७५०८३३ | १४३६२१५७ |

सैद्धान्तिक बेरुजु

४ **नियन्त्रण बातारण**

४.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा नगरेको,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको

प्रयास गरेको अभिलेख नराखेको,

- सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत ९५ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो नगरेको,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार नगरेको,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण नगरेको,
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरेको,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख नराखेको,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित नगरेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक नगरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४.२ **भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण तथा अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भ्रमण तथा अनुगमन वापत रु.१३ लाख ४७ हजार खर्च लेखेको छ। उक्त खर्च लेख्दा सम्बन्धित कर्मचारी भ्रमण तथा अनुगमन जानुपर्ने औचित्यता तथा भ्रमण पश्चात अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

भ्रमण तथा अनुगमन भत्ता भुक्तानी दिदा भ्रमण प्रतिवेदन समावेस गरेरमात्र खर्च भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.३ **स्थानीय तहको लेखापरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आ.ले.प. प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण समिति गठन नगरेको , त्रैमासिक रुपमा लेखापरीक्षण गरी प्रतिवेदन नदिएको तथा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराएको छैन । ऐनको प्रावधान कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **नीति तथा कार्यक्रम -** नीति तथा कार्यक्रम अनुसार वजेट व्यवस्था हुनुपर्दछ । विभिन्न वडामा बेलिब्रिज तथा झोलुङ्गे पुल निर्माण गर्ने, रोजगारी सम्बन्धि सुचना एवं जानकारी उपलब्ध गराउन तथा युवाहरुको क्षमता पहिचानको लागि भ्याकेन्सी बैक तथा स्किल बैक व्यवस्था गरिने, खेलकुद विकास समिति गठन गरिने, वसपार्क निर्माण गरिने, नमुना माझी बस्ती र दलित वस्ति विकास गरिने, विभिन्न स्थानमा वाटर रिचार्ज पोखरी निर्माण गरिने, एक घर दुघ फलफुलको विरुवा अभियानलाई वडा तहमा सञ्चालन गर्न आवश्यक विरुवा उपलब्ध गराउनेजस्ता विषय नीति तथा कार्यक्रममा लिए पनि वजेट बक्तव्य तथा कार्यक्रममा वजेट व्यवस्था गरेको पाईएन । नीति तथा कार्यक्रमलाई वजेटले सम्बोधन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ६३६३२४३१.४७ राजस्व बाँडफाँडबाट रु १३८४८४५४२.६६, अनुदानबाट रु. ४२९६९३००० तथा अन्य प्राप्ती रू २५३४२६१२ लगायत रु ६५७१५२५८६.१३ प्राप्ती भएकोम चालु तर्फ रु. ४१२९३४८६२.१२ तथा अन्यकोष तर्फको भुक्तानी समेत रु. २७१७४६५.२० र पूँजिगत तर्फ रु. १९१६७६९६२ समेत रु. ६०७३२९२८९.३२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १०.४८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी

सुबिधामा रु १३५४७००० खर्च भएको छ जुन आन्तरिक आयको २१.२९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान ,आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६२.८४प्रतिशत चालु र २९.१७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | १-२५%सम्म प्रगति | २५-५०% सम्म प्रगति | ५०-७५% सम्म प्रगति | ७५-१०० % सम्म प्रगति | कुल खर्च |
| २२५२२ | १५ | ७ | ० | ० | ० | ८ | ७३९०९५७ |
| ३११०० | ५६६ | ३५९ | ८ | ४ | ७ | १८८ | १९१६७६९६२ |
| जम्मा | ५८१ | ३६६ | ८ | ४ | ७ | १९६ | १९९०६७९१९ |

- ५८१ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ३६६ वटा लगायत ७५ प्रतिशत भन्दा

वढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या १९६ वटा रहेकोछ।

- शुन्य प्रगती हासिल हुनको कारण वजेट नै अर्को कार्यक्रममा रकमान्तर गरि लाने तथा वजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण ३६६ वटा शुन्य प्रगति भएको देखिन्छ ।
- ५८१ आयोजना मध्ये २३३ योजना तथा कार्यक्रममा रु.१९९०६७९१९ खर्च गरेको छ ।
- गत आ.ब. को १५९ वटा योजना तथा कार्यक्रममा भुक्तानी दिन बाँकी रू. ११००५२३१२ यस आ.व.मा भुक्तानी दिएकोले बजेटमा व्यवस्था भएको कार्यक्रम तथा योजना मध्ये ३६६ योजना तथा कार्यक्रम बजेट अभावमा हुन नसकेको देखिन्छ। एक आर्थिक वर्षको बजेट तथा कार्यक्रमको दायित्व जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी सो आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई असर गर्ने गरि गरिने निर्णयमा नियन्त्रण हुनु पर्दछ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न प्राथमिकता प्राप्त योजना मागमा आधरित रहेर छनौट गरी कार्यान्वयनमा ल्याई सत प्रतिशत लक्ष्य प्राप्ति तर्फ ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

९ **योजना तर्जुमा तथा कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुटयाएको अवस्था छ । १ लाख भन्दा कमका १४ योजना कार्यान्वयन गरेर रु ८५८१९० र १ लाख भन्दा वढी ५ लाख भन्दा कमका १०३ आयोजना कार्यान्वयन गरी रु ३३६८९५२८ खर्च गरेकोछ भने जसमध्ये ५ लाख भन्दा कम रकमका संघीय सरकार ससर्त पुँजीगत तर्फ ३ योजनामा रु ११२४७२८ खर्च गरेकोछ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष निर्माण कार्यका योजनाहरु देहायअनुसार छन्ः

| **विवरण** | **योजना संख्या** | **रु.** |
|---|---|---|
| ० | ३५९ | ० |
| १ लाख भन्दा कम | १४ | ८५८१९० |
| १ देखि ५ लाख भन्दा कम | १०३ | ३३६८९५२८ |

| | | |
|---|---|---|
| ५ देखि १० लाख भन्दा कम | ४७ | ३४१२८८६९ |
| १० देखि २० लाख भन्दा कम | २० | २६६१७४९१ |
| २० देखि ५० लाख भन्दा कम | १६ | ४४३०५६०७ |
| ५० लाख देखि माथी | ७ | ५२०७७२७७ |
| जम्मा | ५६६ | १९१६७६९६२ |

सैद्धान्तिक बेरुजु

१० **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले त्रैमासिक प्रगति विवरण वनाएको छैन । सुत्रमा पनि अद्यावधिक गरी चौमासिक प्रतिवेदनलाई त्रैमासिक रुपमा प्रतिवेदन हुने व्यवस्थामा सुधार गरेको छैन ।पालिकाले उपलव्ध गराएको खर्चको फाँटवारीलाई आधारमा त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च रु** | **त्रैमासिक खर्च रु** | | | | **आषाढमहिनाको खर्च** | |
|---|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | | |
| **पुँजीगत खर्चतर्फ** | १९१६७६९६२ | २७४६८९१२ | ४२२८७२६१ | २०६७३८८३ | १०१२४६९०६ | ६१३७६८७१ | |
| **प्रतिशत** | | १४.३३ | २२.०६ | १०.७९ | ५२.८२ | ३२.०२ | |

खर्चको फाँटवारी विवरणअनुसार वार्षिक रु.१९१६७६९६२ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २७४६८९१२ (१४.३३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ४२२८७२६१ (२२.०६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २०६७३८८३ (१०.७९ प्रतिशत) र चौथो त्रैमासिक रु. १०१२४६९०६ (५२.८२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६१३७६८७१ (३२.०२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको अनुगमन कार्य तथा गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १९,१६,७६,९६२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई

खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेखछ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **सि.नं.** | **क्षेत्र/उपक्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ४१८१००००. | १९८९३२५३. | ४७.५८ |
| २ | सामाजिकविकास | ३३४६६६०००. | २७००६४०९७.९४ | ८०.७ |
| ३ | पूर्वाधारविकास | ३९२५७५०००. | १४६०३००१९. | ३७.२ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ५२९०००००. | ३०९६९८३५. | ५८.५४ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १८१९९१०००. | १३७६५४६१९.१८ | ७५.६४ |
| कुलजम्मा | | १००३९४२०००. | ६०४६११८२४.१२ | ६०.२२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रू ३३४६६६००० मध्ये रु २७००६४०९७.९४ मा खर्च गरी खर्चको अंश सामजिक विकासमा ८०.७ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटी ३७.२ प्रतिशत रहेको छ। आर्थिक विकास तथा पुर्वाधारको क्षेत्रमा लगानी वढाई स्थानीय रोजगार तथा आय आर्जनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट

सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ राजश्व शिर्षक ११००० देखि १४००० सम्मका मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १६,६७,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ६,३६,३२,४३१.४७ आय प्राप्त गरेको छ। अर्थात अनुमान भन्दा ३८.१७ प्रतिशत मात्रआय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

१६ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय समानिकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आय ५८.२२ प्रतिशत रहेको छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १०९२९६६५५ | ६,३६,३२,४३१.४७ | ५८.२२ |

त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१७ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत लाग्ने कर रू. २५००००० अनुमान गरेकोमा रू १४४२०१३.४५ सङ्कलन गरेको छ। व्यवसाय कर अनुमानको तुल्नामा ५७.६८ प्रतिशत मात्र संकलन गर्न सकेको छ। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **नदिजन्य वस्तुको उपयोग** - बकैया खोला लाल भक्तलाल शक्ति खोला र धनसार तथा वगर खोलाको प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवेदन (IEE) २०७८ उत्खनन् गर्न मिल्ने परिमाणलाई यस पालिकाको मिति २०७८।४।१५ गतेको निर्णय अनुसार स्वीकृत गरेको देखिन्छ ।पालिकाको आर्थिक ऐन २०७९ मा ढुङ्गा गिटी बालुवा उत्खन तथा वितरणको लागि जम्मा रु. ८ मूल्य अभिबृद्धि कर बाहेक निर्धारण गरेको देखिन्छ ।पालिकाको २०७९।८।२९ गतेको निर्णय अनुसार नदिजन्य वस्तुको आय ठेक्का

नलागुञ्जेल अमानतमा नगदी रसिदबाट संकलन गरिने उल्लेखछ । पालिकाले २०७९।९।२४ प्रथम पटक, २०७९।११।४ दोस्रो पटक र २०७९।१२।१६ मा तेस्रोपटक आय ठेक्काको सुचना जारी गरे कुनै बोलपत्र नपरेकाले वर्षै भरि अमानतबाट खोलाको ढुङ्गा गिटी बालुवा उत्खनन तथा विक्रि वितरण गरेको देखिन्छ । जसबाट पालिकाले रु. **८१५८१७१४.६०** आय संकलन गरेको देखिन्छ ।पालिकाले रु.१४५५६१७९१।०० आय संकलन गर्न सक्ने अवस्थामा रु रु. **८१५८१७१४.६०** मात्र आय प्राप्त गरी रु. ६३९८००७६.४० पालिकालाई राजश्व आय गुमेको अवस्था छ । नदिजन्य वस्तुको आय व्यवस्थापनलाई प्रभावकारी बनाई प्रारम्भिक वातवरणिय परिक्षणले उल्लेख गरेको परिमाणको उत्खनन तथा विक्रि वितरण गरि आय गुम्ने अवस्थाको अन्त्य गरी राजश्व प्राप्तीमा सुनिश्चितता गरिनुपर्दछ ।

| नदीजन्य वस्तु उत्खनन् क्षेत्र | अनुमानित मौज्दात परिमाण घन मिटर | वास्तविक संकलन गर्न सकिने परिमाण घन मिटर |
|---|---|---|
| बकैया खोला खण्ड क | १६२००० | ८१००० |
| बकैया खोला खण्ड ख | १६०६९० | ८०३४५ |
| लाल भक्त लाल | १३२६०० | ७९५६० |
| शक्ति खोला | १२०००० | ७२००० |
| धनसार खोला | १६१००० | ८०५०० |
| वगरखोला | ७०००० | ६३००० |
| जम्मा घनमिटर | ८०६२९० | ४५६४०५ |
| जम्मा घनफिट | २८४४५९११ | १६१०१९६८ |
| मू अ कर समेत प्रति घन फिट मूल्य | ९.०४ | ९.०४ |
| जम्मा रु | २५७१५१०३५ | १४५५६१७९१ |

सैद्धान्तिक बेरुजु

१९ **राजश्व बाँडफाँड** - नेपाल सरकार ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा १४ मा स्थानीय तहले साधारण निर्माणमुखि खानीजन्य र नदिजन्य पदार्थको बिक्रि एवं अनुमती वा नविकरण शुल्क वा करबाट संकलित राजश्वको ६० प्रतिशत रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँड गर्नुपर्ने व्यवस्था रहेको विषयलाई उल्लेख गर्दै अर्थमन्त्रालयको च.न. ३६५/०७९/८०को सबै स्थानीय तहलाई उक्त विषयबाट संकलित राजश्व प्रदेश सञ्चित कोषमा जम्मा गर्ने परिपत्र गरेको देखिन्छ । यस पालिकाले खानीजन्य र नदिजन्य पदार्थको बिक्रि वितरणबाट रु. ८१५८१७१४.६० संकलन गरेको को मूल्य अभिबृद्धि कर बाहेक रु. ७२१९६२०७.६१ को ४० प्रतिशतले हुन आउने रकम रु.२८८७८४८३।०० प्रदेश सञ्चित कोषमा दाखिला गरेको देखिदैन । कानुनको पालना गरी प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८३,४३,४८८ |

२० **नदिजन्य पदार्थको आय**

२०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानुन अनुसार प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिएको ढाँचामा राजश्वको लेखा राखि बैंक दाखिला गर्नुपर्ने उल्लेखछ । ढुङ्गा गिटी बालुवा वापत रु.८१५८१७१४।६० नगदी रसिदबाट संकलन भएकोमा हाल सम्म रु. ८०४१८५९६।५० मात्र पालिकाको निम्न खातामा जम्मा गरी खर्च तथा मौज्दात रहेको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।

| विवरण | रु |
|---|---|
| नगदी रसिदबाट प्राप्त हनुपर्ने रकम (क) | ८१५८१७१४.६० |
| विभाज्य कोषमा जम्मा बाँकी | १४६७७५२२.०० |
| विभाज्यकोषबाट सञ्चित कोषमा ट्रान्सफर | ४५३८३२८३.०० |
| विभाज्यकोषबाट आन्तरिक खातामा ट्रान्सफर | ५००००००.०० |
| विविध खातामा जम्मा | १२१५८६६०.५० |

| | |
|---|---|
| श्रावण महिनामा जम्मा | ३१९९१३१.०० |
| जम्मा (ख) | ८०४१८५९६.५० |
| असुल गर्न बाँकी | ११६३११८.१० |

सैद्धान्तिक बेरुजु

२०.२ **असुल गर्नु पर्ने:** ढुङ्गा गिटी बालुवा वापत रु. ८१५८१७१४।६० नगदी रसिदबाट संकलन भएकोमा हाल सम्म रु. ८०४१८५९६।५० मात्र पालिकाको निम्न खातामा जम्मा भई बाँकी रहेको दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६३,११८ |

२०.३ **अन्य खातामा जम्मा:** विभाज्यकोषमा जम्मा गर्नुपर्नेमा सो नगरी रु.५०००००० ।०० सिधै आन्तरिक राजश्व खातामा लगि खर्च गरेको देखिन्छ भने रु. १२१५८६६०।५० विविध खातामा जम्मा गरेको देखिन्छ । विभाज्य कोषबाट मात्र बाँडफाँड गरी खर्च खातामा ट्रान्सफर गरी खर्च गरिनुपर्नेमा सो नगरी विभिन्न खाता सोझै जम्मा गर्नु उचित देखिएन ।

सैद्धान्तिक बेरुजु

२०.४ **बैक दाखिला:** बैक दाखिला समय मै नगरी आर्थिक वर्ष को अन्त्य पछि श्रावण महिनामा रु. ३१९९१३१.०० राजश्व दाखिला गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०००००००० | २६५९७३४.७५ | २६.६० |

| | | | |
|---|---|---|---|
| भुमिकर/ मालपोत कर | १०००००० | ३३३०६.२५ | ३.३३ |
| घरजग्गा वहाल कर | ३५००००० | २९३३४२४.९७ | ८३.८१ |
| व्यवसाय कर | २५००००० | १४४२०१३.४५ | ५७.६८ |
| वहाल विरौटी शुल्क | ० | ० | |
| जम्मा | १७०००००० | ७०६८४७९.४२ | ४१.५८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **मूल्यअभिबृद्धि कर** - मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ अनुसार नेपाल भित्र आपुर्तिहुने वस्तुको कारोवारमा मूल्य अभिबृद्धि कर लाग्ने व्यवस्था रहेको छ ।यस पालिकाले ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री वितरणबाट मुल्य अभिबृद्धि कर समेत रु. ८१५८१७१४.६० असुल गरेको देखिन्छ । जसमा मूल्य अभिबृद्धि कर असुल गरेको रु. ९३८५५०६.९९ संघिय सञ्चित कोषमा दाखिला गरेको देखिदैन । कानुनको व्यवस्था अनुसार मूल्य अभिबृद्धि कर बापतको रु. ९३८५५०६.९९ संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| विवरण | रु |
|---|---|
| नगदी रसिदबाट प्राप्त हनुपर्ने रकम (क) | ८१५८१७१४.६० |
| मुल्य अभिबृद्धि कर बाहेक रु | ७२१९६२०७.६१ |
| मुल्य अभिबृद्धि कर रु | ९३८५५०६.९९ |

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ९३,८५,५०६.९९ |

२३ **सम्पत्ति व्यवस्थापन**

२३.१ **जिन्सी निरिक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२३.२ **मोटरईसाकल हस्तान्तरण**: नगरपालिकाको नाममा १३ थान मोटरसाईकल रहेकोमा १२ थान मोटरसाईकल जिन्सी दाखिला गरेको छ। १ थान मोटरसाईकल जिन्सी दाखिला नगरेकोमा १ ब २१३९ नम्बरको मोटरसाईकल सिंगल पुलिस चौकीलाई दिएको उल्लेख गरेको छ। उक्त मोटरसाईकल पालिकामा फिर्ता भएको छैन र पालिकाले पुलिस चौकिलाई हस्तान्तरण समेत गरेको पाईएन। सम्पत्ति अभिलेखन तथा व्यवस्थापन चुस्त दुरुस्त हुनुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२४ **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) अन्तिम भुक्तानी दिंदा निर्माण कार्यको हकमा त्रुटी सच्चाउने अवधि समाप्त भएपछि आन्तरिक राजस्व कारेयालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछी धरौटी फीर्ता दिनु पर्नेछ। बन्धु निर्माण सेवाको निर्माण कार्य २०७८ चैत्र २० मा कार्य सम्पन्न भएकोमा निर्माण कार्यको धरौटी रू २,८१,९६६ गर्दा गर्दा कर चुक्ताको प्रमाण पेश गरेको देखिएन। यसरी धरौटी फिर्ता गरिएको निर्माण कार्यको कर चुक्ताको प्रमाण पेश हुनु पर्ने रू.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २,८१,९६६ |

२५ **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको पेश्कीको विवरण राख्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्ममा देहाय अनुसार म्याद नाघेको रू. २३२१३९०८ पेश्की बाँकी देखिएको हुँदा नियमावलीको व्यवस्था बमोजिम असुल तथा फछ्यौंट हुनु पर्ने रू.

| | | |
|---|---|---|
| | पेश्की | २,३२,१३,९०८ |

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६ **कर्मचारी व्यवस्था**

२६.१ **कर्मचारी प्रोत्साहन तथा पुरस्कारः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा रु.२५००००० बजेट विनियोजन गरी रु.२४९८८४२ खर्च गरेको छ। उक्त बजेट खर्च शिर्षकबाट कर्मचारी पदाधिकारीले विकास आयोजनाको अनुसार अनुगमन भत्ता, कर्मचारी सहभागि विभिन्न कार्यक्रममा सहभागिता भत्ता, कर्मचरी बैठक भत्ता, अमानतबाट राजश्व संकलनको अनुगमन भत्ता लगायतको खर्च विवरण पेश गरेको आधारमा खर्च लेखेको पाईयो। अनुगमन भत्ता तथा बैठक भत्ता लगायतको खर्चको लागि सम्बन्धित खर्च शिर्षकमा बिनियोजित बजेटबाट खर्च गर्नुपर्नेमा कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा बजेट बिनियोजन गरी भत्ता वितरण गरेको नियमसम्मत देखिएन। कार्यक्रमगत बजेट शिर्षक अनुसार बजेट बिनियोजन गर्ने र साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले बजेट खर्च गर्ने तर्फ जोड दिइ अनुत्पादक खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.२ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । नगरपालिकामा पालिका तर्फ २७ जना स्थायी र ९१ जना करार कर्मचारी कार्यरत रहेको छ। पालिकाले प्राविधिक तथा अन्य कर्मचारी समेत ९१ जना करारमा राखि १ करोड ९० लाख ३५ हजार तलव भत्ता भुक्तानी दिएको देखियो। स्वीकृत दरवन्दि अनुसार स्थायी कर्मचारी माग गर्ने र आवश्यकता बेगर करारमा कर्मचारी भर्ना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.३ **तलवी प्रतिवेदन**-निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.१८१४९७७७ र पालिकाका कर्मचारीको रु.२१४७५८३७ समेत रु.३९६२५६१४ लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने

तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.४ **प्रोत्साहन भत्ताः** नेपाल सरकार कार्य संचालन निर्देशिका, २०७७ को ७.१.५ मा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोषाक खर्च, महँगी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान गरिने छैन भन्ने व्यवस्था गरेको छ। पालिकाको आठौ नगरसभाले पालिकामा कार्यरत कर्मचारीलाई तलव स्केलको २५ प्रतिशत रकम मासिक रुपमा भुक्तानी दिने निर्णय गरी प्रोत्साहन भत्ता बापत श्रावण देखि पौष महिना सम्म रु.६०६९६०० भुक्तानी दिएको छ। अतिरिक्त समय काम गरेको आधारमा वा अन्य कुनै मापदण्ड निर्धारण तयार नगरी निर्देशिकाले कटौति गरे पश्चात दिएको प्रोत्साहन भत्ता अनियमित देखिन्छ। अतिरिक्त सेवा सुविधा भुक्तानी दिने निश्चित मापदण्ड तथा सुचक विना प्रोत्साहन भत्ता दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को नियम २९ मा कामको नियमित सुपरीवेक्षण गर्नुपर्ने र नियम ३० मा अनुसूची ५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारको विकास मार्फत नागरीकको जिवन यापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाको तिन वटा वडाहरुमा मात्र सडक मर्मत, कुलो तथा सार्वजनिक स्थल मर्मतको कार्य गर्न ३ वटा योजना संचालनमा रहेको र उक्त कार्यबाट औषत ८४ कार्य दिन कार्य गरेवापत जनालाई ४७ जनालाई रु.३४९०२९२ खर्च भुक्तानी दिएको देखियो। उक्त कार्यबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि संचालित योजनाबाट कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजना भएको देखिदैन। कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजनाहुने आयोजना संचालन गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ। साथै कार्यविधिको व्यवस्था कार्यान्वयन गरी रोजगार कार्यक्रमलाई थप परिस्कृत तथा व्यवस्थित गर्ने तथा सवै वडाहरुमा कार्यक्रम संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| वडा नं | योजनाको नाम | बजेट विनियोजन | | कुल खर्च रकम | रोजगारी संख्या | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| | | संघिय | स्थानीय | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | वडा भित्रको विभिन्न बाटो कुलो सार्वजनिक स्थल मठमन्दिर मर्मत कार्य | ११५४००० | ५००००० | १५०३९८० | २० | ८७ |
| १० | कृष्ण मन्दिर देखि गुम्बा जाने बाटो विस्तार | ३७८५१२ | ३००००० | ६७८५१२ | ७ | ९४ |
| १२ | सार्वजनिक निर्माण मर्मत | ११५४००० | ५००००० | १३०७८०० | २० | ७० |
| | जम्मा | | | ३४९०२९२ | ४७ | ८४ |

सैद्धान्तिक बेरुजु

२८ **चालु कार्यक्रम तर्फ**

२८.१ **विविध खर्चः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ कारोवारको लेखा राख्दा प्रमाणित विल भरपाई समेतको लेखा राख्नुपर्ने र भुक्तानी दिदा रित पुगे नपुगेको परीक्षण गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको निर्देशन नं ४७ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ।नगरपालिकाले यस वर्ष अतिथि सत्कार खर्च रु.१९३०४९०, खाजा खाना खर्च रु.१०००००० र विविध खर्च रु.२७८३५८१ गरी कुल रु.५७१४०१७ गरेको छ। विविध तथा अतिथि सत्कार खर्चमा विभिन्न होटलका बिल पेश गरेको आधारमा भुक्तानी दिएको देखिन्छ। विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च लेखि खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८.२ **कार्यालय सञ्चालनः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। पालिकाले यस वर्ष पालिका र वडा कार्यलय सञ्चालनमा पटक पटक सोझै मसलन्द तथा छपाई सामग्री खरिद गरी विभिन्न आपूर्तिकर्तालाई रु.१०३७६७८० भुक्तानी दिएको छ। वडा कार्यालयबाट खरिद गरेको मसलन्द सामग्रीको

सोझै वडा सचिवको नाममा भुक्तानी दिने गरेको तर वडाहरुले सामग्री खरिद गरेको मागफारम, तथा खरिद गरेको सामग्री पुर्ण रुपमा व्यवस्थित तरिकाले दाखिला गर्ने तथा जिन्सी सम्पत्ति व्यवस्थित गरेको पाईएन। एकैप्रकृतिका सामग्री खरिद गर्दा टुक्रा गरी खरिद गर्ने काय नियमसम्मत मान्न सकिदैन। गत वर्षको भुक्तानी दिन बाँकी रकम समेत यस वर्ष भुक्तानी दिएकोले कार्यालय संचालनमा बढी खर्च भएको कार्यालयको भनाई रहेतापनि पालिकाले कार्यलय संचालन तथा मसलन्द सामग्री खरिद गर्दा खरिद योजना तयार गरी खरिद प्याकेज तयार गर्ने नियम अनुसार लागत अनुमान तयार गर्ने र प्रतिस्पर्धात्मक विधबाट खरिद गरी खरिद कार्यमा मितव्ययित, पारदर्शिता तथा नियमितता कायम गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२८.३ **मर्मत सम्भारः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्नेतथा प्रतिस्पर्धाको आधारमा मात्र खरिद कार्य गर्नुपर्ने व्यवस्था छ। साथै सार्वजनिक सम्पत्तिको गुणस्तरयुक्त प्रभावकारी मर्मत सम्भार तथा संरक्षण कार्य व्यवस्थित गरी संचालन तथा संरक्षण गर्ने उदेश्यले म.ले.प.फा.नं ४१४ र ४१५ अनुसारको ढाँचामा मर्मत सम्भार अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न सामानको मर्मत खर्च वापत रु.३७६२९६३ भुक्तानी छ। पालिकामा १२ थान मोटरसाईकल, २ थान चार पाङ्गे सवारी साधन, १ थान दमकल, १ थान व्याकहो लोडर, १ थान टिपर र १ थान रोलर मौजुदा रहेको पाईयो। पालिकाले मर्मतको टुक्रा बिल पेश गरेको , मर्मत गर्दा कर्मचारी मार्फत भुक्तानी दिएको, मर्मत आदेश स्वीकृत नगरेको जे. सि. वि.को प्रयोग र परिचालनको अभिलेख लकवुक अद्यावधिक नगरी मर्मत खर्च लेखेको छ । रु.१ लाख भन्दा बढीको मर्मत कार्यमा समेत प्रतिस्पर्धा विना सोझै मर्मत कार्य गराई भुक्तानी दिएको छ। नियम अनुसार मर्मत अभिलेख अद्यावधिक गरी कानुनको प्रक्रिया पुरा गरी प्रतिस्पर्धाका आधारमा मर्मत गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८.४ **खेलकुद कार्यक्रमको खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन २०७९ को निर्देशन नं ४७ मा नगद मार्फत भुक्तानी दिदा हुने जोखिमलाई नियन्त्रण गर्न सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष विभिन्न वडाहरुमा खेलकुद प्रतियोगिता संचालन गरेको, विभिन्न युवा क्लवहरुलाई खेलकुद सामग्री वितरण लगायत देहायका कार्यक्रममा रु.१५९२२३८ खर्च लेखेको पाईयो। लेखापरीक्षणको क्रममा निम्नानुसार कार्यक्रमको श्रेस्ता परीक्षण गर्दा विभिन्न स्टेसनरी पसलबाट खेलकुद सामग्री खरिद गरेको टुक्रा विल पेश गरेको, विभिन्न होटलको खाजा खानाको विल पेश गरेको, जर्सि खरिद

गरेको तथा विभिन्न युवा क्लवलाई सामग्री वितरण गरेको आधारमा नगरपालिकाको कर्मचारीलाई नगद भुक्तानी दिने गरेको पाईयो। नगरपालिकाले सरकारी साधन श्रोतको खर्च गर्दा उच्चतम प्रतिफल प्राप्त हुने क्षेत्रमा खर्च गर्ने र खर्चको रकम सम्बन्धित सप्लायर्सको बैंक खातामा भुक्तानी दिने व्यवस्था कायम गर्नुपर्दछ। खेलकुद कार्यक्रममा खर्च गरेको विवरण निम्नानुसार छन्:

| भौचर मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ५३३-०७९।११।२९ | खेलकुद सामग्री खरिदको विल पेश गरेको | निजगढ फुटबल क्लब (एन.एफ.सि) | १४५९६३ |
| ५५१-०७९।१२।१ | राष्ट्रपति रनिङ्गसिल प्रतियोगिता | ऋषव राज काफ्ले | १००००० |
| ६२८-०७९।१२।१५ | वडा नं १३ मा फुटवल खेल कार्यक्रम संचालनबापत पुरस्कार तथा खाजाको विल | विष्णु लाल श्रेष्ठ | १००००० |
| ८६८-०८०।२।२ | खेलकुद सामग्री फुटवल नेट तथा जर्सी वितरण | अरुण कुमार वस्नेत | १००००० |
| ८७०-०८०।२।२ | खेलकुद सामग्री फुटवल नेट तथा जर्सी वितरण | अशोक बोम्जन | ५०००० |
| ९३७-०८०।२।२१ | खेलकुद सामग्री फुटवल नेट तथा जर्सी वितरण | सुजित कर्ण | १५०००० |
| १०१२-०८०।२।२८ | खेलकुद सामग्री फुटवल नेट तथा जर्सी वितरण | सपना ढुंगाना | १००००० |
| १०७७-०८०।३।३ | खेलकुद सामग्री फुटवल नेट तथा जर्सी वितरण | सागर पुस्तक भण्डार | १००००० |
| १०८०- | खेलकुद सामग्री फुटवल नेट तथा जर्सी | विष्णु लाल श्रेष्ठ | १००००० |

| | | | |
|---|---|---|---|
| ०८०।३।३ | वितरण | | |
| ११०८-०८०।३।७ | खेलकुद सामग्री फुटवल नेट तथा जर्सी वितरण | सुजित कर्ण | १००००० |
| १११९-०८०।३।७ | ६५ थान फुटवल खरिद वितरण गरेको छैन। | स्पोटर्स एण्ड स्टेशनरी हाउस | ९९५२५ |
| २२१-०७९।८।१३ | युवा क्लवको खेलकुद कार्यक्रमको सामग्री वितरण | न्यू हिमाल युवा क्लव | २५००० |
| २३३-०७९।८।२१ | युवा क्लवलाई अनुदान | न्यू हिमाल युवा क्लव | २५००० |
| ११७२-०८०।३।१४ | खेलकुद सामग्री फुटवल नेट तथा जर्सी वितरण | सुजित कर्ण | १००००० |
| १२२०-०८०।३।१८ | फुटवल तथा व्याडमिन्टन खेलकुद सामग्री खरिद वितरण गरेको छैन | सागर बुक्स एण्ड जनरल अर्डर सप्लायर्स | २९६७५० |
| | | जम्मा | १५९२२३८ |

सैद्धान्तिक बेरुजु

२८.५ **खेलकुद प्रतियोगिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (१) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने तथा सोहि नियमको २ मा दस लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखि प्रचलित कानुनबमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय वा स्थानीयस्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले निम्नानुसार खेल कार्यक्रमकोलागि देहायका क्लवलाई नगरपालिका चालु खर्च शिर्षकबाट रु.१०००००० निकासा दिएको छ। उक्त

क्लवलाई रकम निकासा दिदा नियमावलीको उल्लेखित व्यवस्था पालना नगरी क्लवले पेश गरेको विभिन्न होटल बास तथा खाजा खानाको टुक्रा विल भरपाइको आधारमा सोझै रकम निकासा दिएको पाईयो। मधेश प्रदेश तेक्वान्दो संघलाई गत विगतमा समेत खुलकुद कार्यक्रमबाट बजेट निकासा दिएको देखिन्छ। अतः सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयार नगरी सोझै रकम निकासा दिएको अनियमित देखिएको रु.

| क्र.स. | भौचर मिति | अनुदान प्राप्त संस्था | रकम |
|---|---|---|---|
| १ | ६७२-०७९।१२।२८ | निजगढ फुटबल क्लब (एन.एफ.सी) | ५००००० |
| २ | ४०-०७९।६।१० | मधेश प्रदेश तेक्वान्दो संघ | ५००००० |
| | | जम्मा | १०००००० |

| अनियमित भएको | १०,००,००० |
|---|---|

२८.६ **नगद भुक्तानीः** नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन २०७९ को निर्देशन नं ४७ मा नगद मार्फत भुक्तानी दिदा हुने जोखिमलाई नियन्त्रण गर्न सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष व्यक्तिलाई भुक्तानी दिएको रकमको नमुना परीक्षण गर्दा निम्नानुसार रु.५६७६१९५ भुक्तानी सोझै सम्बन्धितको खातामा दाखिला भुक्तानी दिनुपर्नेमा कार्यालयको कर्मचारीलाई नगद भुक्तानी दिएको पाईयो। उल्लेखित भुक्तानीमा तरकारीको विउ वितरण, कार्यालय संचालन तथा इन्धनको भुक्तानी, विभिन्न वडाहरुको खाजा खाना लगायतको विलको भुक्तानी लगायतको खर्च सम्बन्धित व्यक्ति तथा फर्मको खातामा रकम भुक्तानी दिन मिल्ने खर्च समेत कर्मचारीलाई नगद भुक्तानी दिएको पाईयो। कर्मचारीलाई नगद भुक्तानी दिने कार्यमा नियन्त्रण गरी सम्बन्धितको बैंक खातामार्फत भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा २८.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२८.७ **एच.डि.पि पाईपः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सार्थक इन्टरप्राजेज बाट ४००० के.जी. एच डि पि

पाईप र २ थान २HP मोटर पम्प खरिद गरी रु.४४९७८५ भुक्तानी दिएको छ। आवश्यकता पहिचान नगरी वजेट खर्च गर्ने उदेश्यले गरेको खरिद कार्य नियमित देखिदैन। साथै उक्त पाईप सम्बन्धित स्थानमा प्रयोग भएको प्रमाण खुल्ने नापी किताब तथा प्राविधिक पुष्ठ्याई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४९,७८५ |

२८.८ **रङ्ग रोगनको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक खर्चको भुक्तानी दिदा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले वडा नं ५ को वडा कार्यालय यज्ञ प्रसाद गौतमको घरबाट जन जाग्रिति सुन्दर सामुदायिक वनको भवन मा सरेको र कार्यालयले प्रयोग गर्दा घर जिर्ण भएको उल्लेख गरी रंग रोगन गरेवापत घर धनिलाई रु.१०००००  भुक्तानी दिएको छ। उक्त घर धनिसँग भएको सम्झौता पत्र पेश गर्नुपर्ने तथा सम्झौता अनुसार कार्यालय छोड्दा मर्मत गर्नपर्ने भए वास्तविक कामको नाप जाँच गरी बाकि रकम फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

२८.९ **कर्मचारीबाट कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले १ लाख रुपैयामा नबढाई अमानतबाट काम गराउन सक्ने उल्लेख छ । पालिकाका अन्तर्गत विभिन्न वडामा निर्माण कार्यको लागि वडा सचिवबाट विभिन्न भौचरबाट तोकिएको सीमा भित्र रहने गरी १ लाख भित्रका विभिन्न टुक्रा गरीो अमानतबाट काम गराई रु.११०२६५८ भुक्तानी भएको छ । उक्त योजनाहरुको अनुगमन प्रतिवेदन समावेश नभएको, कामसँग सम्बन्धित फोटो नराखेको, बिल भरपाई समावेश नगरेको हुँदा मूल्याङ्कन अनुसारको काम भएको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । कार्यलाई विभिन्न टुक्रा गरी अमानतबाट काम गर्ने कार्यमा नियन्त्रण गर्ने तथा अमानतबाट काम गराउदा कार्यको पुष्ट्याई हुने विल भरपाई फोटो राखि कार्यको एकिन गरेरमात्र भुक्तानी दिने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । यस सम्बन्धमा केहि उदाहरण निम्नानुसार छनः

| भौचर मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ११३३-०८०।३।११ | नाला सरसफाई लगायतको कार्य | सुभाष कुमार ठाकुर | १२९०५८ |
| ११४५-०८०।३।१२ | शहिद हिरालाल पार्कमा फुलवारी निर्माण | सुभचन्द्र महतो | १००००० |

| | | | |
|---|---|---|---|
| १३०७-०८०।३।२१ | वडा नं ९ मा सडक नाला निर्माण | सपना ढुंगाना | १००००० |
| ८९५-०८०।२।११ | साल विसौनी सडक मर्मत वडा नं १२ | अरुन कुमार वस्नेत | ९७४७६ |
| ८९६-०८०।२।११ | थलि हरि डाँडा सडक मर्मत वडा नं १२ | अरुन कुमार वस्नेत | ९८३७० |
| ९०१-०८०।२।१२ | वडा नं १० झोलंगे पुल नजिक र्याम्प निर्माण | भगवती रिमाल | ९०४४८ |
| १०३७-०८०।२।३१ | वडा नं १० मा सडक ग्राभेल गर्ने कार्य | भगवती रिमाल | ९१४०२ |
| १४१८-०८०।३।२१ | वडा नं १० मा बाटो ग्राभेल गर्ने कार्य | भगवती रिमाल | ९८५०० |
| ९३८-०८०।२।२१ | वडा नं ११ मा सडक सरसफाइ | सुजित कर्ण | ४०००० |
| १०६१-०८०।३।१ | कृषि विद्युत मिटर जडान | धर्म राज लामिछाने | ८६९०४ |
| १०७४-०८०।३।३ | झाडि सरसफाई | कृष्ण अधिकारी | ८४७०० |
| ११०६-०८०।३।७ | मन्दिर सरसफाई | डिल बहादुर गोले | ८५८०० |
| | जम्मा | | ११०२६५८ |

२८.१० **जग्गा नापीः** राष्ट्रिय भुमि आयोग गठन आयोग २०७८, नियम ११ मा भुमिहिन दलित, भुमिहिन सुकुम्वासिलाई जग्गा उपलव्ध गराउने, अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउने र समस्या समाधान गर्न नसकेमा भुमि आयोगमा लेखि पठाउने व्यवस्था छ। नगरपालिकाले नगर क्षेत्र भित्र ऐलानी जग्गा नापी गर्न तथा नापि पोईन्ट स्थापना गर्न कन्सल्टेन्सीबाट काम गराएको उल्लेख गरी एस डि सि इन्जिनियरिङ सर्भिस प्रा लि लाई रु.१९८०९९० भुक्तानी दिएको देखियो। जग्गा नापीको लागि पोईन्ट निर्धारण गर्ने कार्य जिल्ला नापी कार्यालयको र भुमिहिन तथा सुकुम्वासीकोलागि जग्गा व्यवस्थापन गर्ने कार्य भुमि आयोग र सो अन्तर्गत गठन भएको भुमि आयोग जिल्ला समितिको हो। पालिकाले गत आर्थिक बर्षमा समेत जग्गा नापी वापत खर्च गरेको देखिन्छ। नगरपालिकालले नापि कार्यालय तथा भुमि आयोगले गर्ने कार्य उक्त कार्यालयसँग समन्वय नगरी कन्सल्टेन्ट नियुक्ति गरी दिएको भुक्तानी नियमित देखिएन। भुमि आयोगबाट जग्गा नापि गर्दा समय बढी लाग्ने र कार्य सम्पादनमा ढिलोहुने हुदा कन्सल्टेन्सीबाट कार्य गराउनुपरेको कार्यालयको भनाई छ। उक्त कन्सल्टेन्सीलेसँग सम्झौता गर्दाको लागत अनुमान तथा नाप जाँच गरेको जग्गाको विवरण खुल्ने प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,८०,९९० |

२८.११ **बढी ग्रेड भुक्तानीः** शिक्षक तथा कर्मचारीको तलव भुक्तानी दिदा स्वीकृत तलवि प्रतिवेद अनुसार तलव भत्ता तथा ग्रेड एकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार विद्यालय शिक्षकलाई तलव भत्ता भुक्तानी दिदा निम्नानुसार बढी ग्रेड भुक्तानी दिएको पाईयो। बढी ग्रेड भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क.स | शिक्षक | विद्यालय | प्रतिवेदन अनुसार ग्रेड | भुक्तानी ग्रेड | फरक ग्रेड | ग्रेड दर | १० प्रतिशत क.सं कोष समेत १३ महिनाको बढी |
|---|---|---|---|---|---|---|---|
| १ | मोहन प्रसाद रेग्मी | नेपाल राष्ट्रिय आधारभुत विद्यालय निजगढ ४ | ० | १ | १ | १४५६ | २०६७५ |
| २ | भक्त बहादुर राउत | गौरीशंकर मा वि निजगढ ६ | ० | १ | १ | १४५६ | २०६७५ |
| | | | जम्मा | | | | ४१३५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,३५० |

२८.१२ **नागरिता विहिनलाई भत्ताः** सामाजिक सुरक्षा नियमावली,२०७६ ले सबै स्थानीय तहले आफ्नो क्षेत्र भित्र बसोवास गर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाले यस वर्ष विविध कारणले नागरिकता नपाएकालाई सामाजिक सुरक्षा भत्ता उल्लेख गरी ७ जनालाई रु.५६३६४० वितरण गरेको छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरीकलाई सामाजिक सुरक्षा भत्ता परिचय पत्र वितरण गरी भत्तामा आवद्ध गर्नुपर्नेमा सो नगरी नागरीकता नपाएकालाई भत्ता उपलव्ध गराउने उल्लेख गरी नगरपालिका चालु खर्च शिर्षकबाट भत्ता वितरण गरेको नियमसम्मत देखिएन। नागरिकता नपाएका व्यक्तिलाई वास्तविक कारण पहिचान गरी परिचयपत्र बनाई सामाजिक सुरक्षामा आवद्ध गराउने तर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८.१३ **महसुल भुक्तानीमा जरिमानाः** सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी मापदण्ड, २०७८ को नियम १५ मा कुनैपनि निकायले पानी विजुली लगायतको महसुल समयमा भुक्तानी दिनुपर्ने र महसुलमा विलम्व जरिमान भुक्तानी गर्न नमिल्ने व्यवस्था छ। पालिकाले भुक्तानी दिनुपर्ने विद्युतको विल समयमा भुक्तानी नदिदा जरिमाना समेत कुल रकम रु.१०१९०५८ भुक्तानी दिएको छ। जसमध्ये रु.१५९३३२ जरिमाना वापत भुक्तानी दिएको पाईयो। समयमा विल भुक्तानी नदिदा सरकारलाई थप व्यय भार पारेको रु.

| क.स | कामको विवरण | भुक्तानी रकम | जरिमाना रकम |
|---|---|---|---|
| १ | विद्युत महसुल | २७४००० | ५४४८५ |
| २ | विद्युत महसुल | २९९३०७ | ४७५११ |
| ३ | विद्युत महसुल | ९८००० | १०६४७ |
| ४ | विद्युत महसुल | ४४३७० | ५०६४ |
| ५ | विद्युत महसुल | १६२९६१ | १६८२५ |

| | | | |
|---|---|---|---|
| ६ | सवारी नविकरण महसुल | १४०४२० | २४८०० |
| | जम्मा | १०१९०५८ | १५९३३२ |

| | |
|---|---|
| अनियमित भएको | १,५९,३३२ |

२८. १४ **सहकारीलाई भुक्तानीः** नगरपालिकाले महिला समुह/ सहकारी/ सदश्यको पोषण अवस्था सुधार गर्न कार्यक्रम संचालनको लागि निजगढ महिला बचत तथा ऋण सहकारी संस्थालाई रु.६२५००० भुक्तानी दिएको छ। सम्झौताको शर्त नं ४ मा सहकारीले नगरपालिकाबाट प्राप्त भएको सवै रकम प्राप्त गरेको ७ दिन भित्र आय आर्जनको लागि सम्बन्धित सदस्यलाई उपलव्ध गराउनुपर्ने छ। शर्त नं ५ मा सहकारीले पेश भएको योजना अनुसार छनौट भएका सदश्यलाई आय आर्जन वव्यसाय संचालनको लागि प्रति सदस्य रु.२५००० का दरले प्रदान गर्ने, पेश भएको प्रस्ताव अनुसार व्यवसाय संचालन भए नभएको अनुगमन र सुनिश्चित सहकारीलेनै गर्नुपर्ने र शर्त नं ८ मा नगरपालिकाले प्रदान गरेको रकम सदुपयोग तथा संचालन गरेको व्यवसायको अनुगमन स्थानीय तहले गर्नुपर्ने अनुदान रकम दुरुपयोग भएको पाईएमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। साथै पहिलो पक्षबाट हुने अनुगमनमा दोश्रो पक्षले समन्वय र सहजीकरण गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट अनुदान दिएको रकम सहकारीले सम्झौता अनुसार महिला समुह छनौट, प्रस्तावना माग, महिला समुह तथा सदस्यलाई अनुदान निकासा तथा व्यवसाय संचालन लगायतको कुनैपनि क्रियाकलाप संचालन गरेको छैन। सम्झौता अनुसार अनुदान रकम सदुपयोग भएको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा सम्झौताको शर्त नं ८ अनुसार उक्त रकम सहकारीबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,००० |

२८. १५ **भुक्तानीको भरपाईः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम, ३९ मा सार्वजनिक खर्चको लेखा राख्दा खर्च पुष्ट्याई हुने विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले न्यायिक समितिको बैठक बापत उमेश प्रसाद चौधरीलाई बैठक भत्ता रु.३३३००० मा कर कट्टा गरी रु.२८३०५० भुक्तानी दिएको छ। निजले भत्ता वापतको रकम बैठकमा सहभागिलाई वितरण गरेको प्रमाण तथा सम्बन्धितको खातामा दाखिला गरेको प्रमाण पेश गरेको छैन। भत्ता रकम सम्बन्धितको खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८३,०५० |

२८.१६ **नाला सरसफाईः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ८१ मा सार्वजनिक खर्च गर्दा मितव्ययिता अपनाउनुपर्ने व्यवस्था छ। नगरपालिकाले वडा नं ७ र ८ को विभिन्न स्थानमा नाला सरसफाई गरेको उल्लेख गरी मनिष एण्ड सुजन कन्स्ट्रक्सनलाई रु.४५३३६७ भुक्तानी दिएको छ। कार्यालयमा व्याकहो लोडर, ट्रिपर चालु हालतमा रहेको उक्त साधनलाई नियमित मर्मत तथा इन्धनको भुक्तानी भएको देखिदा पालिकाको वडामा सरसफाई गर्ने कार्यमा नगरपालिकाको साधन प्रयोग गरी सरसफाई गर्नुपर्नेमा निर्माण व्यवसायिबाट कार्य गराई दिएको भुक्तानी अनिमित देखिन्छ। तत्कालिन अवस्थामा कार्यालयको उपकरण मर्मतको क्रममा रहेकोले व्यवसायीबाट नाला सफाईको कार्य गराएको कार्यालयको भनाइ रहेतापनि सार्वजनिक वजेट खर्च गर्दा प्रभावकारी तथा मितव्ययि ढंगबाट गर्नुपर्ने देखिन्छ। नगरपालिकामा श्रोत साधन उपलव्ध भएको अवस्थामा निर्माण व्यवसायिबाट सरसफाई गराउदा थप व्ययभार पारेको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५३,३६७ |

२८.१७ **खर्चको विलः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक खर्चको भुक्तानी दिदा खर्च पुष्ट्याई हुने विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले वडा नं १० मा नयाँ ट्रान्समिटर जडान गर्न नेपाल विद्युत प्रधिकरण सिमरा शाखाको खातामा रु.३००००० दाखिला गरेको छ। नेपाल विद्युत प्राधिकरणले उक्त कार्यको खर्चको विल भरपाई पेश गरेको छैन। सम्बन्धित स्थानमा विद्युतिय कार्य गरेको खर्च प्रमाणित हुने विल भरपाई समेतको श्रेस्ता पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

२८.१८ **भिडियो निर्माणः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा बीस हजार रुपैया सम्मको सामग्री खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थातथा फर्मबाट खरिद गर्न सकिने तर सो भन्दा बढीको खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको फर्म तथा संस्थाबाट खरिद गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायिन्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने तथा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले आफ्नै इलेक्ट्रोनिक्स पान नं ३००७८१९५९ बाट जारी १० थान पान विल पेश गरी कम्प्यूटर मर्मत गरेको उल्लेख गरी माग गरेको रकम रु.१६००६२ भुक्तानी दिएको छ। नियमावलीले तोकेको सिमा भन्दा बढीको पान बिल पेश गरेको आधारमा भुक्तानी दिएको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | १,६०,०६२ |

२८.१९ **शिक्षक अवकाश भुक्तानीः** शिक्षा नियमावली, २०५९ को परिच्छेद २० मा अवकाश शिक्षकको सेवा सुविधा सम्बन्धी व्यवस्था छ। अवकाश शिक्षकलाई शिक्षा नियमावलीमा उल्लेख भएको सेवा सुविधा बाहेक थप

सुविधा भुक्तानी दिन मिल्ने देखिदैन। पालिकाले ३ जना शिक्षकलाई अवकाश पश्चात नेपाल सरकारले भुक्तानी दिने सेवा सुविधाका अतिरिक्त पालिका स्रोतबाट गोल्डेन ह्याण्सेक सुविधा थप गरी रु.६ लाख भुक्तानी दिएको देखियो। नियमावलीमा भएको व्यवस्था भन्दा बढी भुक्तानी दिएको रकम सम्बन्धित शिक्षकबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००,००० |

२८.२० **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी पटके निर्णयका आधारमा विभिन्न व्यक्तिहरुलाई आर्थिक सहायताको रुपमा रु.५००० देखि १००००० सम्म का दरले सहायता उपलव्ध गराई रु.२०,००,००० आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८.२१ **अन्य संस्थालाई भुक्तनीः** स्थानिय सरकार संचालन ऐन, २०७४ दफा २४ मा स्थानिय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न संस्थालाई रु.१२९४९२७ अनुदान भुक्तानी दिएको छ। नगरपालिकाले कार्यविधि तयार गरी सम्बन्धित क्षेत्रमा योगदान गरेका संस्थाको कार्य प्रगतिको आधारमा संस्था छनौट गर्ने निश्चित कार्यक्रम संचालनको लागि अनुदान दिने र पालिकाले अनुदान रकम खर्चको अनुगमन गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ। सार्वजनिक सरकारको क्षेत्रमा लगानी गर्नुपर्ने बजेट कार्यक्रम, कार्यविधि, संस्थाको कार्य प्रगति बेगर सीमित सदस्यले मात्र लाभ लिन सक्ने गरी अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| भौचर मिति | विवरण | कार्यालय | रकम |
|---|---|---|---|
| १०-०७९।६।८ | पर्सा राष्ट्रिय निकुञ्जले क्रस कन्ट्रि साईक्लिङ्ग कार्यक्रम संचालन गर्दा होटल खर्चको विल पेश गरेको | पर्सा राष्ट्रिय निकुञ्ज | ३००००० |
| ४१-०७९।६।१० | निजगढ आइडियल कार्यक्रम संचालन | युथ अफ निजगढ | ४००००० |

| | | | |
|---|---|---|---|
| ७७३-०८०।१।१३ | समुन्नत महिला गार्मेट उद्योगबाट स्कुल ड्रेस खरिद गरेको १० थान विल पेश | समुन्नत महिला बहुउदेश्यीय सहकारी संस्था | २००००० |
| १०९२-०८०।३।४ | अनुदान | संरक्षण नेपाल | ५०००० |
| १३११-०८०।३।२१ | महिला हिंसा न्यूनिकरण कार्यक्रम | नेपाल महिला आवाज | १००००० |
| १३२६-०८०।३।२१ | महिला हिंसा न्युनिकरण कार्यक्रम वडा ११ | सामुदायिक विकास संस्था नेपाल | १००००० |
| १४२६-०८०।३।२४ | भवन मर्मत | मानव कल्याण समाज | १४४९२७ |
| | | जम्मा | १२९४९२७ |

सैद्धान्तिक बेरुजु

२८.
२२ **अनुत्पादक खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने छ। पालिकाले यस वर्ष तिजको दर खाने कार्यक्रमको लागि, विभिन्न क्लवहरुलाई नगद अनुदान लगायत कार्यक्रमको लागि खर्च गरेको छ। वितरणमुखि खर्च नियन्त्रण गरी उत्पादनमुल तथा रोजगारीमुलक क्षेत्रमा लगानी गर्ने तर्फ ध्यान दिनुपर्दछ। यस सम्बन्धमा देखिएका केहि उदाहरण निम्नानुसार छन्ः

| भौचर मिति | विवरण | कार्यालय | रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १५-०७९।८।६ | बाल दिवसको अवसरमा कार्यक्रमको भुक्तानी | कृतिका धितालालाई भुक्तानी | १४१०८० | भुक्तानी दिन मिल्ने र व्यक्तिलाई दिन मिल्ने नदेखिएको |
| ४२९-०७९।१०।४ | तिजको दर खाने कार्यक्रम | साहसी महिला समुल | १००००० | उपस्थितिको विवरण पेश नभएको |
| ५७६-०७९।१२।१३ | ल्होसार अनुदान | नेपाल तामाङ्ग घेदुङ्ग संघ | १५०००० | |
| ६३२-०७९।१२।१५ | क्लवलाइ अनुदान | निजगढ राइडर्स क्लव | ६०००० | |
| ६६४-०७९।१२।१५ | उत्थान अनुदान | नेपाल माझि उत्थान संघ | १००००० | |
| ९१६-०८०।२।१८ | तिजमा दर खाने कार्यक्रम | सुमिता पराजुली | १००००० | उपस्थितिको विवरण पेश नभएको |
| १०२३-०८०।२।३० | उत्थान अनुदान | नेपाल माझि उत्थान संघ | २०००० | |
| १०८१-०८०।३।३ | तिजमा दर खाने कार्यक्रम | सपना ढुंगाना | १००००० | उपस्थितिको विवरण पेश नभएको |
| ११३२-०८०।३।११ | तिजमा दर खाने कार्यक्रम | हिरा लाल राना | ३००००० | उपस्थितिको विवरण पेश नभएको |
| १२४३-०८०।३।१९ | तिजको दर | जुन तारा महिला कृषक समुह | ५०००० | उपस्थितिको विवरण पेश नभएको |

| | | | | |
|---|---|---|---|---|
| १४०८-०८०।३।२३ | विद्यार्थीलाई पोषाक वितरण | समुन्नत महिला बहुउदेश्यीय सहकारी संस्था | ७००००० | |
| | | जम्मा | १८२१०८० | |

सैद्धान्तिक बेरुजु

२९ **इन्धन खर्च**

२९.१ प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ बमोजिम पदाधिकारी, कर्मचारी र कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम इन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारिसाधन मेसिन प्रयोगको लगवुक राख्ने व्यवस्था छ। पालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन। कार्यालयले पेश गरेको इन्धन खर्चको वास्तविक विवरण अनुसार विनय आयल स्टोरबाट इन्धन खरिद वापत रु.७५४३१३९ भुक्तानी दिएको छ। पालिकाले इन्धन खर्चको भुक्तानी दिदा मापदण्ड निर्धारण नगरी, व्यवस्थित तरिकाले लक वुक नराखि खरिद गरेको इन्धनको परिमाण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमामा दाखिला नगरी खर्च गरेको छ। इन्धन खर्च गर्दा मापदण्ड निर्धारण गरी खर्च गर्ने इन्धन खर्च लकवुक व्यवस्थित गर्ने तथा खरिद गरेको इन्धनलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गरेर मात्र खर्च लेख्ने तथा इन्धन खर्चमा मितव्ययिता कायम गरी इन्धन खर्चमा नियन्त्रण गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९.२ **उपकरणको लागि इन्धन खर्चः** खर्चमा नगरपालिकाको ६८ कर्मचारीलाई वर्षभरी वितरण गरेको इन्धन परिमाण, पालिकामा रहेका व्याकहो लोडर, जेनेरेटर, ट्रिपर तथा दमकलमा खर्च भएको वास्तविक परिमाण समेत समावेस गरी विवरण पेश गरेको छ। जस अनुसार कार्यालयको उपकरणहरु व्याकहो लोडर, जेनेरेटर, ट्रिपर तथा दमकलमाको लगि २२४८८ लिटर डिजलबापत रु.३८८४८०२ खर्च भएको उल्लेख छ। व्याकहो लोडर, ट्रिपरले पालिका भित्रको विभिन्न स्थानमा सरसफाईको कार्य गरेको उल्लेख गरेतापनि प्रयोग भएको विवरण, लकबुक, नापि किताव तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छैन। जसबाट उपकरण प्रयोग गरेर के कति निर्माण तथा नाला सरसफाईको कार्य भएको थियो एकिन गर्न सक्ने आधार भएन। उपकरणको प्रयोग गर्दा नापि किताव लकवुक लगायतको विवरण तयार गरेरमात्र उपकरणको लागि ईन्धन खर्च भुक्तानी दिनुपर्दछ।

२९.३ **वडा इन्धन खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा सार्वजनिक खर्चको लेखा राख्दा खर्च पुष्ट्याई हुने विल भरापई समेतको लेखा राख्नुपर्ने, भुक्तानी दिदा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने तथा इन्धन खर्च गर्दा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा म.ले.प.फा.न ९०५ बमोजिम सवारी साधनको लगबुकतयार गरेर खरिद गरेको इन्धन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गरेरमात्र खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट प्राप्त विवरण अनुसार नगरपालिकाबाट भएको इन्धन खर्चको अतिरिक्त वडाहरुमा समेत इन्धन खर्चको विल पेश गरेको आधारमा वडा सचिवको नाममा नगद रकम भुक्तानी दिने गरेको पाईयो। वडाले इन्धन खर्च गर्ने निश्चित आधार र मापदण्ड निर्धारण नगुरेको, लक बुक तयार नगरेको, इन्धन खर्चको भुक्तानी सोझै कर्मचारीको नाममा निकासा दिने गरेको, इन्धनलाई PAMS मा दाखिला नगरेको जस्ता कैफियत देखियो। इन्धन खर्चको भुक्तानी दिदा खर्च पुष्ट्याई हुने विल भरपाई, लक वुक तयार गर्ने PAMS दाखिला गरेर मात्र सम्बन्धित सप्लायर्सलाई भुक्तानी दिने व्यवस्था कार्यान्वयन गरी नियन्त्रण प्रणाली प्रभावकारी बनाउने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ । वडा कार्यालयबाट भएको इन्धन खर्चको केहि उदाहरण निम्नानुसार छनः

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | वडा नं. २ को कार्यालय | १००००० |
| २ | वडा नं. ३ को कार्यालय | १५०००० |
| ३ | वडा नं. ४ को कार्यालय | ५०००० |
| ४ | वडा नं. ५ को कार्यालय | १००००० |
| ५ | वडा नं. ८ को कार्यालय | २२३१०४ |
| ६ | वडा नं. १२ को कार्यालय | ५०००० |
| ७ | वडा नं १३ | १०४९९८ |

| | जम्मा | ७७८१०२ |
|---|---|---|

| सैद्धान्तिक बेरुजु |
|---|

३० **तालिम तथा कार्यक्रम**

३०.१ **गैर सरकारी संस्था मार्फत खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ । तर त्यस्ता कतिपय संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ । महिला सशक्तिकरण, क्षमता विकास, कर्मचारी क्षमता विकास, पुर्न ताजकिकरण जस्ता कतिपय तालिम कार्यक्रम बर्षमा पटक पटक संचालन गरेको देखियो। नगरपालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ । साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर गैह्र सरकारी संस्थाबाट कार्य गराई भुक्तानी गरेको पाईयो । ऐन तथा नियमको व्यवस्था अनुसार खरिद कार्य गर्ने र सोको प्रगति तयार गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। यस बर्ष संचालित कार्यक्रमका केहि उदाहरण निम्नानुसार छन्

| भौचर मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १३४४-०८०।३।२२ | धुप बनाउने कार्यक्रम | निता फाउन्डेशन | ५५०००० |
| १३४५-०८०।३।२२ | क्रिस्टल सामग्री बनाउने | महिला विकास केन्द्र | ३००००० |
| १३४६-०८०।३।२२ | लागुऔषध दुर्व्यसनी सचेतना | सामाजिक स्वास्थ्य वातावरण तथा विकास | ५००००० |
| १३९४-०८०।३।२३ | क्रिस्टल सामग्री बनाउने | निजगढ क्रियटिभ स्किल डेभलपमेन्ट | २००००० |
| १४४१-०८०।३।२४ | लोकसेवा कक्षा संचालन | के के सि एजुकेशन | ६९७५०० |
| १३०३-०८०।३।२१ | तालिम कार्यक्रम | फोरम अफ नेशनल बुल्डिङ्ग नेपाल | ४८१५०० |
| ३९-०७९।६।१० | तालिम कार्यक्रम | निजगढ इन्टरनेशनल इन्स्टिच्युट एण्ड ट्रेडिङ्ग सेन्टर | ५००००० |
| | | जम्मा | ३२२९००० |

सैद्धान्तिक बेरुजु

३०.२ **धुप बनाउने:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा सार्वजनिक खर्चको भुक्तानी दिदा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने र खर्च प्रमाणित गर्ने विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ। निता फाउण्डेसनलाई धुप बनाउने कामको लागि नगरपालिकाले रु.५५०००० भुक्तानी दिएको छ। उक्त फाउण्डेसनले पेश गरेको खर्च विवरणमा स्थानीय तालिम सामग्री खरिद गरेको उल्लेख गरी साझा कागजमा रु.६०००० को भरपाई पेश गरेको तथा तालिम सामग्री उल्लेख गरी वसुन्धरा लामा सप को ६ थान पान विल पेश गरेको आधारमा रु.११८२९० समेत रु.१७८२९० को तालिम सामग्रीको भुक्तानी दिएको छ। खर्च विवरणमा तालिम सामग्रीको विवरण तथा

परिमाण उल्लेख छैन। २०८० जेष्ठ १५ देखि जेष्ठ २० सम्म ५ दिन संचालन भएको उक्त तालिममा के कति तालिम सामग्री खपत भएकोहो सोको विवरण खुल्ने विल भरपाई पेश गरी बढी रकम फिर्ता गर्नुपर्ने रु...

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १,१८,२९० |

३१ **पकेट विकास कार्यक्रम**

३१.१ नगरपालिकाले यस वर्ष पकेट विकास कार्यक्रम संचालन गर्न बागेश्वरी दुग्ध उत्पादन सहकारी संस्था संग ५० प्रतिशत अनुदानमा सम्झौता गरी नगरपालिकाको तर्फबाट रु.२४९३९५७ भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका विवरण निम्नानुसार छन्:

**गाई भैसिको संख्याः** प्रधानमन्त्री रोजगार कार्यक्रम म्यानुअल, २०७७ को परिच्छेद ४ को ४.१.४ मा साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रममा गाई भैसि पकेट कार्यक्रम संचालनको लागि तराई क्षेत्रमा ३०० को संख्यामा गाई वा २०० को संख्यामा भैसि हुनुपर्ने व्यवस्था छ। पालिकाले बागेश्वरी दुग्ध उत्पादन सहकारी संस्थासँग गरेको सम्झौता अनुसार संचालन गर्ने पकेट विकास कार्यक्रम ४४ घर परिवार विच संचालन गर्ने उल्लेख छ। उक्त क्षेत्रको गाई तथा भैसिको संख्या एकिन गरेको छैन। पकेट विकास कार्यक्रम संचालन गर्ने क्षेत्रको गाई तथा भैसिको संख्या एकिन गरी गाई भैसिको विमा पोलिसि प्रमाण पेश गर्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३१.२ **कार्यक्रम संचालनः** प्रधानमन्त्री रोजगार कार्यक्रम म्यानुअल, २०७७ को परिच्छेद ४ को ४.१.५ मा पकेट छनौट र कार्यक्रम संचालन गर्दा जिल्लामा रहेको जोन तथा सुपरजोन विकास कार्यक्रम सहयोग पुग्ने गरी पकेट विकास कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ। बारा जिल्लामा धान, मकै तथा माछा जोन संचालनमा रहेकोमा गाई तथा भैसि पकेट संचालन गरेको देखिदा जिल्लाको जोन तथा सुपरजोन विकास कार्यक्रममा सहयोग पुग्ने देखिएन साथै गाई अथवा भैसि पकेट अलग गरी संचालन गर्नुपर्नेमा गाई र भैसि पकेट उल्लेख गरी एकमुष्ठ पकेट कार्यक्रम संचालन गरेको नियमसम्मत देखिएन। पकेट कार्यक्रम संचालन गर्दा जिल्लामा संचालित जोन तथा सुपरजोनलाई सहयोग पुग्ने गरी र गाई र भैसिको अलग अलग पकेट कार्यक्रम संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३१.३ **अनुगमन मुल्याङ्कनः** प्रधानमन्त्री रोजगार कार्यक्रम म्यानुअल, २०७७ को परिच्छेद ६ मा अनुगमन तथा मुल्याङ्कन प्रकृयाबारे उल्लेख छ।सहकारीले पेश गरेको विभिन्न सप्लायर्सको टुक्रा विलको आधारमा ५० प्रतिशत रकम रु.२४९३९५७ सहकारीको खातामा भुक्तानी दिएकोमा उक्त सहकारीले पकेट विकास

कार्यक्रम संचालन गरेको अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन तयार गरेको छैन। सम्झौताको सर्त अनुसार कार्यक्रम संचालन गरेको एकिन गरी उक्त कार्यक्रमको अनुगमन गरीरु.५० लाखको पकेट कार्यक्रम संचालन गरेको एकिन गरी सोको प्रगति प्रतिवेदन म्यानुअलले निर्धारण गरेको अनुसुची तयार गरेर खरिद गरेको सामग्री सम्बन्धित ४४ परिवारलाई वितरण गरेको प्रमाणित भरपाई तथा कृषकको पहिचान खुल्न प्रमाण पत्र र सम्पर्क नम्वर समेतको विवरण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,९३,९५७ |

३१.४ **चापकटर खरिदः** पकेट विकास कार्यक्रम संचालनको लागि नगरपालिका र बागेश्वरी दुग्ध उत्पादन सहकारी संस्था बिच भएको सम्झौताको शर्त नं कार्यक्रम संचालन १ मा ४४ कृषक परिवार विच कार्यक्रम संचालन हुने र कृषक परिवार समावेशी सिद्धान्तको आधारमा हुने उल्लेख छ। सहकारीले पेश गरेको विल परीक्षण गर्दा ९० थान चापकटर खरिद गरी चपाकटरको मात्र रु.३५२३५०० भुक्तानी दिएको देखियो। रु.५० लाखको कार्यक्रममा ७० प्रतिशत रकम चापकटर खरिदमा मात्र खर्च गरेको देखियो। ४४ घरपरिवारलाई अधिकतम ४४ चापकट खरिद गरी बाँकि रकमबाट पकेट विकासको लागि अन्य उपकरण खरिद तथा अन्यकार्यमा खर्च गर्नुपर्नेमा चापकटर मात्र खरिद गरी बजेट खर्च गरेको अनियमित देखियो। आवश्यक संख्या भन्दा ४६ थान बढी चापकटर खरिद गरी भुक्तानी दिएको रु.१८००००० मध्ये पालिकाको रु.९००००० थप व्ययभार पारेको देखियो। सम्झौताको शर्त अनुसारको संख्या एकिन गरेरमात्र आवश्यक यन्त्र उपकरण खरिद गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३१.५ **खरिद प्रकृयाः** प्रधानमन्त्री रोजगार कार्यक्रम म्यानुअल, २०७७ को परिच्छेद ४ को ४.१.९.२ (ग) मा स्थानीय तहबाट स्वीकृत लाभान्वित बर्गको सहभागितामा प्राविधिक समितिले तालिका २ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येबाट लाभांवित वर्गको आवश्यकता र प्राविधिक दृष्टिकोणले उपर्युक्त क्रियाकलपाहरु छनौट गरी स्थानीय दर रेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने र (घ) मा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले नियमानुसार प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान र कार्यान्वयन कार्यायोजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ। लागत अनुमान स्वीकृत नगरी खरिद विधिको पालना नगरी विभिन्न सप्लायर्शको टुक्रा विल पेश गरेको आधारमा ५० प्रतिशत अनुदान रकम भुक्तानी दिएको देखियो। कार्यविधि तथा म्यानुअलको व्यवस्था अनुसार लागत अनुमान तयार गर्ने तथा स्वीकृत गर्ने र स्पेसिफिकेशन समेत स्वीकृत गरी खरिद विधिको पालना गरेर खरिद कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **फोहोर मैला व्यवस्थापन** - फोहोर मैला व्यवस्थापनका लागि सार्वजानिक निजी साझेदारी संझौता ग्रिन एण्ड क्लिन सिटी सर्भिस प्रा लि सँग यस पालिकाले २०८२ माघ मसान्त सम्म अवधिको लागि

२०७७।१२।७ मा संझौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

| आर्थिक वर्ष | भुक्तानीरु | संझौतारकम रु |
|---|---|---|
| २०७७।७८ | १९४०००० | ६५००००० |
| २०७८।७९ | ६६९६००६ | ५२००००० |
| २०७९।८० | ५४१७३३० | ४१६०००० |
| २०८०।८१ | | ३३२८००० |
| २०८१।८२ | | २६६२४०० |
| जम्मा | १४०५३३३६ | २१८५०४०० |

Ø उक्त संस्थालाई फोहोर मैला व्यवस्थापन वापत रकमको अतिरिक्त संझौता मै उल्लेख गरी ३ ट्याक्टर उपलब्ध गराएको देखिन्छ । फोहोर मैला व्यवस्थापनको लागि रकम उपलब्ध गराएपछि पनि ट्याक्टर उपलब्ध गराउनु उचित देखिएन ।

Ø फोहोर संकलन सेवा शुल्क लिन सक्ने व्यवस्था अनुसार पुर्व पश्चिम राजमार्ग क्षेत्र आसपास रु १०० र सो बाहेक क्षेधमा रु.७५ फोहोर मैला व्यवस्थापन शुल्क उक्त संस्थाले असुल गर्ने उल्लेख छ । यस सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गरेको देखिएन ।

Ø प्रथम पक्षको आवश्यकता अनुसार निजगढ नगरपालिकाको क्षेत्र भित्र रहेको सडक सरसफाई.खुला नाली तथा ढल सरसफाई जस्ता कार्यहरु ग्रिन एण्ड क्लिन सिटी सर्भिस प्रा लि ले गरेको देखिएन ।

Ø दोस्रो पक्ष (ग्रिन एण्ड क्लिन सिटी सर्भिस प्रा लि) ले पालिकाको प्रमुख वजार क्षेत्रका घरधुरी व्यापारिक तथा आवसीय क्षेत्र, संस्थागत क्षेत्र, औद्योगिक क्षेत्र लगायतका सम्पुर्ण क्षेत्रमा फोहोरलाई श्रोतमा नै वर्गिकरण गरी जैविक तथा अजैविक फोहोर संकलन गर्ने उल्लेख भए पनि सो अनुसार गरेको देखिएन।

Ø फोहोर मैला श्रोतमा वर्गिकरणको लागि तालिम जनचेतना जगाउने प्रचार प्रसार गर्ने अभिमुखिकरण गर्ने जस्ता कार्यक्रमहरु गरेको देखिदैन ।

∅ सार्वजानिक नीजि साझेदारीको भावना मर्म अनुसार लगानी, लागत, लाभ तथा जोखिम वहनको विषयमा संझौताले नबोलेको तथा एक पक्षिय रुपमा दोस्रो पक्ष ग्रिन एण्ड क्लिन सिटीलाई मात्र फाईदा हुने गरी संझौता गरेको देखिन्छ अर्थात दोस्रो पक्ष ग्रिन एण्ड क्लिन सिटीको लगानीको अश सुन्य रहेको देखिन्छ ।

कार्यविधि बनाई दिर्घकालिन फोहोर मैला व्यवस्थापनमा ध्यान दिई फोहोर मैला प्रशोधन तथा पुन प्रयोगमा जोड दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **खानेपानी शुल्क अनुदान** - आर्थिक वर्ष २०७९।८० को वजेट कार्यक्रममा अघिल्लो वर्षमा दिएको खानेपानी महसुल सेवा सहुलियत न्युनतम शुल्क रु १००।०० लाई निरन्तरता दिने उल्लेखछ । यस वर्ष खानेपानी न्युनतम शुल्क भुक्तानीको लागि ९० लाख वजेट विनियोजन गरेकोमा रु.७७२६८००।०० शुल्क भुक्तानी गरेकोछ । व्यवसायी वर्ग तथा मध्यम वर्गिय तथा माथिका नागरिकलाई खानेपानी शुल्क मिनाहको प्रभावकारीता अध्ययन अनुसन्धान नगरी सो वर्गलाई समेत खानेपानी न्युनतम शुल्क तिरिदिने परिपाटीले पालिकाको दायित्वमा सिर्जना हुने साथै नागरिकले पाएको अनुभुती नहुने देखिन्छ । खानेपानी न्युनतम शुल्क रु. १००।०० तिरिदिने भएपनि न्युन आर्थिक हैसियतको घर परिवार पहिचान गरी खानेपानी शुल्क तिर्न नसक्ने गरिव तथा असायहरुको लागि मात्र सुविधा दिदा उपयुक्त हुने देखिन्छ ।

| कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|
| न्यूनतमखानेपानी शुल्क मिनाहा निरन्तरता | नेपालसरकारसमानिकरण अनुदान | ३००००००. | ३००००००. |
| न्यूनतमखानेपानी शुल्क मिनाहा निरन्तरता | राजस्वबाँडफाँड - प्रदेश सरकार | ३००००००. | १०२६८००. |
| टोल विकास संस्था परिचालन सम्बन्धि प्रशासनिक खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | १०००००० | १०००००० |
| फिजियोथोरापी कार्यक्रम | नेपालसरकारसमानिकरण अनुदान | २०००००० | १७००००० |
| जम्मा | | ९०००००० | ७७२६८०० |

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **एम्बुलेन्स तथा डोजर सञ्चालन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३(३) मा न्युनतम दररेट निर्धारण प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्ने व्यवस्था छभने दफा १४ मा पालिकाको कामकार्वाही व्यवस्थति गर्नु उपसमिति गठन गर्न सक्ने व्यवस्था छ । एम्बुलेन्सको आय व्ययको हिसाव नराखेको तथा डोजर सञ्चालन तथा कार्यगरेको नापी किताव तथा लगसिट नराखेको साथै कति आम्दानी तथा खर्च गरेको हो सो को हिसाव नराखेको देखिन्छ । हाल सम्म गरेको कार्य उपलब्धि सुन्य देखिएकाले कार्यविधि बनाई उपसमिती गठन गरी जिम्मेवार पुर्वक हिसाव किताव राखि सञ्चालन ल्याउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **१५ शैया अस्पताल**

३५.१ **प्रोभिजनल समः** सार्वजानिक खरिद ऐन २०६३ को दफा ५७ मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी खरिद सम्झौताको अधीनमा रही तोकिए बमोजिम दिनु पर्ने उल्लेखछ।प्रोभिजनल सममा आईटममा थप मुल्यबृद्धि कर भुक्तानी गरेको देखिन्छ । प्रोभिजनल सम(वीमा र अन्य) मूल्य अभिबृद्धि कर सहितको भुक्तानी रु.११५२९४५ मा पुनःमूल्य अभिबृद्धि कर भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,४९,८८३ |
|---|---|

३५.२ **बढी भुक्तानीः** सार्वजानिक खरिद ऐन २०६३ को दफा ५७ मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी खरिद सम्झौताको अधीनमा रही तोकिए बमोजिम दिनु पर्ने उल्लेखछ। Strips ruds को बढी परिमाण भुक्तानीको कारण स्टिल रिइन्फोर्स सम्बन्धि भएको कार्यमा अद्याविक कार्य भएको १५७५५२.३३ केजी भएकोमा भुक्तानी १५८१३५.८ रहेकोमा बढी भुक्तानि भएको ५८३.४७ को प्रति केजि रु. ९० का दरले हुन आउने रु ५२५१२।३० को मुल्य अभिबृद्धि कर समेत असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ५९,३३९ |
|---|---|

३६ **क्रसर उद्योग** - नेपाल सरकार ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ११ मा सञ्चालन व्यवस्थापन तथा अनुगमन मुल्यांकन सम्बन्धि व्यवस्था छ । यस पालिका क्षेत्र नगदी रसिदबाट दहत्तर वहत्तर तथा सार्वजानिक संरचना मर्मत संभार सेवा शुल्क असुलीको असुली गर्दा उल्लेखित ठेगाना अनुसार तथा पालिकाले पेश गरेको विवरण अनुसार निम्न ८ क्रसर उद्योग सञ्चालनमा रहेको देखिन्छ ।जिल्ला समन्वय समितिको प्रमुख संयोजक तथा पालिका प्रमुख प्रमुख जिल्ला अधिकारी जिल्ला वन कार्यालयको प्रमुख लगायतका पदाधिरकारी रहेको अनुगमन समितले कानुनमा उल्लेखित शर्त क्रसर उद्योगहरुले पुरा गरेन नगरेको अनुगमन गरेको देखिदैन साथै क्रसर उद्योगले पनि

सङ्कलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिनाभित्र अनुगमन समिति र सम्बन्धित गाउँपालिका वा नगरपालिका समक्ष पेश गर्नुपर्नेमा नगरेको , असार मसान्तभित्र आफ्नो उत्पादनको बार्षिक मौज्दात तथा खरिद बिक्रीको परीमाण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित गाउँपालिका वा नगरपालिका र अनुगमन समितिलाई दिनु पर्नेमा नदिएको , क्रसर उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ती गर्दा लाग्ने विकी मूल्य वा शुल्क गाउँपालिका वा नगरपालिकालाई बुझाएपछि मात्र त्यस्तो कच्चा पदार्थ आपूर्ती गर्न पाइने व्यवस्थाको आंशिक मात्र पालना भएकोतथा क्रसर उद्योगलाई गाउँपालिका वा नगरपालिकाले सभाद्वारा निर्धारित दरमा उत्पादितः परीमाणको आधारमा व्यवसाय कर लगाउन सक्ने व्यवस्था रहदा समेत सो कर राजश्व असुली नगरेको देखिन्छ । यस आर्थिक वर्षमा क्रसर उद्योगहरुले मात्र ७४६७७९१ घनफिट को मुल्य अभिबृद्धि कर समेत रु ९.०४का दरले हुन आउने रु ६७५०८८३०।०० को उत्खनन तथा विक्रि वितरण शुल्क सम्बन्धि राजश्व असुल गरेको देखिन्छ । प्रारम्भिक वातवरणिय परिक्षण प्रतिवेदन अनुसार २,८४,४५,९११ घनफीट मौज्दात मध्ये १,६१,०१,९६८ घनफिट उत्खनन तथा विक्रि वितरण गर्नु सक्ने उल्लेख गरेको छ । माथी उल्लेखित ७४,६७,७९१ घनफिट ढुङ्गा गिटी बालुवा नै पर्याप्त हो या अन्य स्रोतबाट ल्याई उद्योग सञ्चालन गरेको हो भन्ने विषयमा प्रभावकारी अनुगमन भएन । माथी उल्लेखित कानुनको परिपालना गरी प्रभावकारी अनुगमन गरी सामजिक सुरक्षा दायित्व पुरा गर्न लगाउने तथा करको दायरामा ल्याउने विषयमाअनुगमन समितिसँगको सहकार्यमा पालिकाले पहल कदमि चाल्नुपर्दछ ।

| क सं | उद्योगको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री नेपाल क्रसर उद्योग | निजगढ नगरपालिका ४ |
| २ | श्री शंकर स्टोन क्रसर उद्योग | निजगढ नगरपालिका ४ |
| ३ | श्री लाल बकैया क्रसर उद्योग | निजगढ नगरपालिका ९ |
| ४ | श्री चौलगाई क्रसर उद्योग | निजगढ नगरपालिका ९ |
| ५ | श्री हिमाल क्रसर उद्योग | निजगढ नगरपालिका ९ |
| ६ | श्री बैष्णवी क्रसर उद्योग | निजगढ नगरपालिका ९ |
| ७ | श्री दंगाल बालुवा प्रशोधन उद्योग | निजगढ नगरपालिका ९ |

| | | |
|---|---|---|
| ८ | श्री बकैया बालुवा प्रशोधन उद्योग | निजगढ नगरपालिका ९ |

सैद्धान्तिक बेरुजु

३७ **शिक्षा कार्यक्रम**

३७.१ **विद्यालयलाई निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायिन्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने तथा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका विद्यालयलाई शैक्षिक सुधार अनुदान उल्लेख गरी नगरपालिका चालु खर्च शिर्षकबाट रु.८११९२७०।- भुक्तानी दिएको छ। विद्यालयले उक्त रकम खर्चको लागि प्रस्तावना पेश गरेको तथा कार्यक्रम गरी सोको कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन। शैक्षिक सुधार अनुदान लगायत बिभिन्न शिर्षकमा दिएको रकमको कार्यक्रम तथा कार्ययोजना तथा रकम खर्च गरेको प्रमाणित श्रेस्ता सहितको नाप जाँच तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु....

| भौचर नम्बर/मिति | विद्यालयको नाम | अनुदान विवरण | रकम |
|---|---|---|---|
| ६३६/२०७९/१२/२० | श्री सरस्वती आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | ५००००० |
| ६३८/२०७९/१२/२० | श्री लोकप्रिय आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | ६००००० |
| ६३९/२०७९/१२/२० | श्री सत्येश्वर शिवशक्ति आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | ५००००० |
| ६४०/२०७९/१२/२० | श्री जनकल्याण आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | ५००००० |
| ६४३/२०७९/१२/२० | श्री नेत्रोदय माध्यमिक विद्यालय | शैक्षिक सुधार अनुदान | ५००००० |
| ६४७/२०७९/१२/२१ | श्री जनज्योती आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | २००००० |
| ६६४/२०७९१२/२१ | श्री भगवती आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | ३५०००० |

| | | | |
|---|---|---|---|
| ७०५/२०७९/१२/२८ | श्री ने.रा.मा.वि. | थप शिक्षक नियुक्ती | ४००००० |
| ७६९/२०८०/०१/१३ | श्री ने.रा.मा.वि. | शैक्षिक सुधार अनुदान | ३००००० |
| ७६९/२०८०/०१/१३ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | ३००००० |
| ७८३/२०८०/०१/१४ | श्री शिक्षाशक्ति नमूना आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | ७०००० |
| ८७६/२०८०/०२/०३ | श्री सार्वजनिक मा.वि | शैक्षिक/भौतिक सुधार अनुदान | ८००००० |
| ८७७/२०८०/०२/०३ | श्री शिवशक्तेश्वर आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | २५०००० |
| ८७९/२०८०/०२/०३ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्याय | शैक्षिक सुधार अनुदान तलब | ५००००० |
| ९४९/२०८०/०२/२२ | श्री बालविकास आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | ५००००० |
| १०५९/२०८०/०२/०१ | श्री लालीगुँरास आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | १५०००० |
| १०७०/२०८०/०२/०१ | श्री शिक्षाशक्ति नमूना आ.वि | शैक्षिक सुधार अनुदान | ५००००० |
| १२५०/२०८०/०३/२०) | श्री गौरीशंकर माध्यमिक विद्यालय | शैक्षिक सुधार अनुदान | २००००० |
| ११२०/२०८०/०३/०८ | श्री जनज्योती आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | १००००० |
| १३५५/२०८०/०३/२२ | श्री बकैया ठाकुर माध्यमिक | छात्रवृत्ति सहयोग | ४०००० |

| | | | |
|---|---|---|---|
| | विद्यालय | | |
| १३५६/२०८०/०३/२२ | श्री भगवती आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | १००००० |
| १३५६/२०८०/०३/२२ | श्री शिवशक्तेश्वर आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | १००००० |
| १३६९/२०८०/०३/२२ | श्री शिक्षाशक्ति नमूना आधारभूत विद्यालय | शैक्षिक सुधार अनुदान | २००००० |
| १३७०/२०८०/०३/२२ | श्री गौरीशंकर माध्यमिक विद्यालय | छात्रवृत्ति सहयोग | ४५९२७० |
| | जम्मा | | ८११९२७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८१,१९,२७० |

३७.२ **एकमुष्ठ अनुदान पाउने विद्यालयहरुः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ को ९.८ मा एकमुष्ठ अनुदान दिने विद्यालयसँग तोकिएको ढाँचामा करार सम्झौता गरी विद्यालयले कार्यसम्पादन करारमा उल्लेखित शर्त अनुसार कार्यसम्पादन भए नभएको नियमित अनुगमन गरी सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले विद्यालयको नियमित अनुगमन नगरी अनुदान दिने गरेको पाईयो। स्थानीय तहले एकमुष्ठ अनुदान पाउने विद्यालयसँग तोकिएको ढाचामा करार सम्झौता गरी सम्झौता अनुसार कार्य भएको एकिन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

| क.स. | विद्यालय | रकम |
|---|---|---|
| १ | हिमाल आधारभुत विद्यालय | १०००००० |
| २ | लालिगुरास आधारभुत विद्यालय | १०००००० |
| ३ | मञ्जुश्री आधारभुत विद्यालय | १०००००० |

३७.३ **नमुना विद्यालय अनुदानः** विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप ९.१२ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनको लागि तत्कालिन रुपमा शैक्षिक क्रियाकलापमा सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पुर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यनतम शर्त पुरा गर्ने लगायतका क्रियाकलाप गर्न भौतिक पुर्वाधार बिकासका लागि बिनियोजित बजेटको कार्य प्रगतिसहित यस आवमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी विद्यालयलाई कार्य गराउन लगाउने र सोको नियमित अनुगमन र कार्यप्रगतिको प्रतिवेदन स्थानीय तहले गर्ने व्यवस्था छ। सोहि पुस्तिकाको क्रियाकलाप १.३ (ज) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको परिधिमा रहि गर्ने र सोको अनुगमन स्थानीय तहले गर्ने व्यवस्था छ। यस वर्ष नमुना विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको लागि श्री गौरीशंकर माध्यमिक विद्यालय निजगढ ८ लाई रु.५० लाख अनुदान दिएको छ। नगरपालिकाबाट दिएको अनुदान दिएको रकमबाट विद्यालयले पेश गरेको प्रस्ताव अनुसार क्रियाकलाप संचालन गरेको छैन। सोहि आर्थिक बर्षमा संचालन गर्नुपर्ने क्रियाकलपा नगरी वैंक खातामा संचित राखेको रकम संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु....

| क.स | पेश गरेको विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | करारमा थप शिक्षक व्यवस्था गर्ने (कार्यरत शिक्षकलाई पारिश्रमिक दिने | ३०००००० | विद्यायलमा कार्यरत शिक्षकको लागि नियमित तलव संघिय सशर्तबाट निकासा दिएको तथा सम्बन्धित क्रियाकलापमा नपर्ने |
| २ | शिक्षक ल्यापटप कार्यक्रम | १७००००० | सोहि आर्थिक वर्षमा खरिद गर्नुपर्ने खरिद नगरेको |
| ३ | शिक्षक कर्मचारी पुर्ताजकि कार्यक्रम | १३५००० | सोहि आर्थिक वर्षमा कार्यक्रम सम्पन्न गर्नुपर्ने सो नगरेको |
| ४ | अन्य विविध कार्यक्रम | १६५००० | |
| | जम्मा | ५०००००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००,००० |

३७.४ **प्रोत्साहन अनुदानः** व्यवस्थापकिय शैक्षिक सुधारमा उत्कृष्ठ कार्य गरेका विद्यालयलाई नतिजामा आधारित प्रोत्साहन अनुदानका लागि छनौटका आधार, २०७९ को बुदा नं ६ मा अनुदान प्राप्त रकम विद्यालय व्यवस्थापक समितिबाट योजना अनुमोदन गरी सोहि रकम योजनामा खर्च गर्ने र सो अनुदानबाट संचालित कार्यक्रमको प्रगति प्रतिवेदन विद्यालयले स्थानीय तहलाई पठाउनुपर्ने व्यवस्था छ। यस वर्ष

नतिजामा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको लागि श्री गौरीशंकर माध्यमिक विद्यालय निजगढ ८ लाई रु.५००००० निकासा दिएको छ। विद्यालयलले विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन भएको योजना नगरपालिकामा पेश गरेको छैन। साथै विद्यालयले पेश गरेको लेखापरीक्षण प्रतिववेदनमा उक्त कार्यक्रम संचालन गरेको पाईएन र स्थानीय तहमा प्रगति प्रतिवेदन समेत पेश गरेको छैन। कार्यविधि अनुसारको श्रेस्ता पेश गर्नुपर्ने अन्यथा रकम संचित कोष दाखिला गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

३७.५ **प्रविधि हस्तान्तरण-** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले लघुउद्यम विकास कार्यक्रम अन्तर्गत रु.३१६१६० को प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशत रकम संघिय संचित कोष दाखिला गर्नुपर्नेमा उद्यमिबाट प्राप्त २० प्रतिशत रकम रु.५१००० नगरपालिकाको आन्तरिक संचित कोष दाखिला गरेको छ। उक्त रकम संघिय संचितकोष फिर्ता गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,००० |

३७.६ **दिवा खाजाः** शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप २.७.११.१ मा स्थानिय तहहरुले विद्यार्थिको दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई अनुदान उपलव्ध गराउदा गाउँपालिकाले दिवा खाजा संचालन कार्यविधि २०७७ अनुसार खाजा व्यवस्था प्रवन्ध मिलाउनुपर्ने, सबै सार्वजनिक विद्यालयले शिक्षा तथा मानव श्रोत विकास केन्द्रले सार्वजनिक गरेको साप्ताहिक मेनु अनुसार दिवा खाजाको प्रवन्ध मिलाउनुपर्ने, स्थानीय तहले दिवाखाजा उपलव्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र पालिकाले चौमासिक रुपमा अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा पालिका मातहतका २७ विद्यालयका विद्यार्थीलाई दिवा खाजा वापत रु.१५८८२०९० निकासा दिएको छ।

पालिकाले २७ बिद्यालयलाई विद्यालय खुलेको अवधि र विद्यार्थीलाई खाजा खुवाएको दिन सुनिश्चित हुने प्रमाण तथा बिल भरपाई पेश गरेको छैन । विद्यालयले पेश गरेको विभिन्न खाजा तथा खाद्यान्न खरिद गरेको विल पेश गरेको आधारमा रकम निकासा दिने गरेको पाईयो। जस बाट उपस्थित भएको दिनको हिसाबले खर्च भएको छ र विद्यार्थीलाई खाजा खुवाइएको छ भन्न सक्ने अधार भएन । कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था तथा दिवा खाजा संचालन कार्यविधि अनुसार खाजा खुवाएको प्रमाणित विल भरपाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई पालिकामा पेश गर्नुपर्ने र सोको आधारमा रकम निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

| भौचर मिति | विवरण | रकम |
|---|---|---|
| ७३-०८०।७।२९ | दिवा खाजा श्रावण देखि कार्तिक | ५२०९५०० |
| २५७-०७९।११।१८ | दिवा खाजा मंसिर देखि माघ | ४४९६६७० |
| ३७७-०८०।२।१८ | दिवा खाजा फाल्गुण चैत्र | २११६०८० |
| ४१४-०८०।३।८ | दिवा खाजा आषाढ सम्म | ४०५९८४० |
| | जम्मा | १५८८२०९० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७.७ **बढी निकासाः** पालिकाको लेखापरीक्षणको अवधि सम्ममा पालिका अन्तर्गतका २७ सामुदायिक विद्यालयहरुमध्ये ७ ओटा विद्यालयको लेखापरीक्षण प्रतिवेदन २०७९/८० सम्पन्न भएको देखिन्छ। ७ विद्यालयको लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा निम्नानुसारको अनुदान रकम मौज्दात रहेको देखिन्छ। पालिकाबाट निकासा भएको तर सम्बन्धित शीर्षकमा खर्च भएर बाकी रहेको रकम पालिकामा फिर्ता गर्नुपर्ने रु.९४०९२५ साथै पालिकाले अन्य विद्यालयहरुको समेत लेखापरीक्षण प्रतिवेदन अनुसार बढी निकासा भएको रकम फिर्ता गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु...

| क्र.स | विद्यालयको नाम | शिर्षक | निकासा भएको रकम | खर्च भएको रकम | बाकी रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | गौरिशंकर माध्यमिक विद्यालय निजगढ ८ | छात्रवृत्ती | २०८००० | २०२००० | ६००० |
| | | दिवा खाजा | २७४५२५५ | २३७२९६५ | ३७२२९० |
| २ | गौरिशंकर माध्यमिक विद्यालय निजगढ ६ | दिवा खाजा | १२३०६१० | ९१८६२० | ३११९२० |
| | | पाठ्यपुस्तक | ६३०४७५ | ३७९७६० | २५०७१५ |
| | | | जम्मा | | ९४०९२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,४०,९२५ |

३७.८ **विद्यालयलाई निकासाः** विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिकाकोविभिन्न क्रियाकलापमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनको लागि तत्कालिन रुपमा शैक्षिक क्रियाकलापमा सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक सो क्रियाकलाप संचालन गर्न बजेट र वजेट खर्चको कार्यविधि निर्धारण गरेको छ। सोहि पुस्तिकाको क्रियाकलाप १.३ (ज) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको परिधिमा रहि गर्ने र सोको अनुगमन स्थानीय तहले गर्ने व्यवस्था छ। यस वर्ष नगरपालिकाले देहायका विद्यालयलाई संघिय सशर्त चालु खर्च शिर्षकबाट देहायका क्रियकलाप संचालनको लागि देहाय अनुसार रु.४५७६७८० निकासा दिएको छ। विद्यालयले तोकिएको प्रक्रियाबाट उल्लेखित क्रियाकलाप संचालन गरी सोको विल भरपाई व्यवस्थापक समितिबाट प्रमाणित गराई स्थानीय तहमा वुझाउनुपर्ने तथा स्थानीय तहले निकासा दिएको बजेटको क्रियाकलाप संचालनको अनुगमन गरी प्रगति विवरण तयार गर्नुपर्नेमा सो गरेको पाइएन। विद्यालयलाई निकासा दिएको वजेटको सम्बन्धित कार्यमा खर्च गरी सोको प्रमाणित विल भरपाई पेश गर्नुपर्ने रु...

| भौचर मिति | विद्यालय | कार्यक्रम | रकम |
|---|---|---|---|
| ५१४-०८०/०३/२३ | श्री गौरीशंकर माध्यमिक विद्यालय | विद्यालय शैक्षिक सुधार सम्बन्धी कार्यक्रम | २००००० |
| ४५५- | श्री बकैया ठाकुर माध्यमिक | आधारभूत तथा माध्यमिक तह | ४०९१४० |

| | | | |
|---|---|---|---|
| ०८०/०३/१९ | विद्यालय | शिक्षण सहयोग | |
| ४५८-०८०/०३/१९ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | माध्यमिक तह शिक्षण सहयोग | ६८३८२० |
| ४०३-०८०/०३/०४ | श्री नेपाल राष्ट्रिय उच्च मा.वि | ICT ल्याब निर्माण | ३२५००० |
| ४०४-०८०/०३/०४ | श्री नेत्रोदय मा.वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| २५८-०७९/११/२८ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | माध्यमिक तह शिक्षण सहयोग | ६८३८२० |
| ३७८-०८०/०२/२२ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | शैक्षिक सुदृढीकरण अनुदान | ३२५००० |
| ४३-०८०/०३/०३ | श्री जनकल्याण आधारभूत विद्यालय | पुस्तकालय सुधार अनुदान | ३२५००० |
| ४५-०८०/०३/०४ | श्री ने.रा.मा.वि. | ICT ल्याब निर्माण | ६५०००० |
| ४६-०८०/०३/०४ | श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय | ICT ल्याब निर्माण | ३२५००० |
| | | जम्मा | ४५७६७८० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,७६,८७० |

३७.९ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५

मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २६५८ जना रहेका छन। पालिकाले गढीमाई मेडिहेल्थ प्रालीबाट २१४७५ थान स्यानिटरी प्याड रु.१८६८५३९ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि एकमुष्ट विद्यालयलाई उपलव्ध गराएको देखिन्छ। स्यानिटरी प्याड खरिद गर्दा पालिकाले कार्यविधिले तोकेको मापदण्ड अनुसार आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्ने र ल्याव रिपोर्ट माग गरी गुणस्तमा विश्वस्त हुने र एकमुष्ठ वितरण नगरी माग र खर्च अनुसार विद्यालयलाई निकासा दिने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **स्वास्थ्य तर्फ**

३८.१ **औषधि खरिदः** सार्वजनिक खरिद ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिद कार्यको लागि लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने र दफा ८ मा तोकिए अनुसार खरिद विधिको छनौट गर्नुपर्ने दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने, नियमावली, २०६४ को नियम ११ मा कुनैपनि मालसामन खरिद गर्दा खरिद गर्ने सामग्रीको स्पेशिफिकेसनको अधिनमारहि सम्बन्धित सार्वजनिक निकाय वा जिल्ला अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो बर्षमा खरिद गरेको सामग्रीको वास्तविक लागत, स्थानीय वजार दर, अन्य बजारको दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दर समेतलाई आधार मानि लागत अनुमान स्वीकृत गरेर मात्र खरिद कार्य गर्न सकिने व्यवस्था छ। यस वर्ष पालिकाले विभिन्न समयमा १० सप्लायर्सबाट टुक्रा टुक्रा औषधि खरिद गरी रु.१०२७५४७६ भुक्तानी दिएको छ। पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। यस वर्ष विभिन्न औषधि फरक फरक सप्लायर्सवाट टुक्रा पारि खरिद गरी रु.१०२७५४७६ भुक्तानी दिएको छ । कार्यालयले औषधि खरिद गर्दा आवश्यकता पहिचान औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार गरेको देखिएन। पालिकाले खरिद गरेको औषधि ELMIS मा दाखिला गरेको छैन। औषधि खरिदको लागि वार्षिक खरिद योजना स्वीकृत गरी औषधिको वार्षिक आवश्यकता एकिन गरेर बोलपत्रको माध्यमबाट खरिद गर्ने खरिद गरेको औषधिको स्पेसिफिकेसन समेतको विवरण खुलाई दाखिला गर्ने र सोहि प्रणालीबाट हस्तान्तरण गरी बाँकी औषधिको विवरण अद्यावधिक गरी पेश गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३८. **न्यानो झोलाः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायिन्व नियमावली, २०७७ को नियम ३९ मा

२ सार्वजनिक खर्चको भुक्तानी दिदा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने र खर्च पुष्ट्याई हुने प्रमाणित विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष नगरपालिकामा २२४ बच्चाको जन्म भएको उल्लेखछ। पालिकाले २ पटक ८६० थान न्यानो झोला खरिद गरी **सहज एण्ड शुलभ इन्टरप्राईजेज**लाई रु.७७२५८० भुक्तानी दिएको छ। वच्चा जन्मेको आधारमा २२४ थान न्यानो झोला खरिद गरी रु.२०११५२ मात्र खर्च गर्नुपर्नेमा ८६० थान खरिद गर्दा रु.५७१४२८ थप व्ययभार पारेको नियमसम्मत देखिदैन। जन्म संख्याको आधारमा खरिद गर्ने तर्फ पालिकाले जोड दिनुपर्दछ। यस आ.ब.मा खरिद गरेर मौज्दात रहेको न्यानो झोलाको गुणस्तर नघट्ने गरी स्टोर व्यवस्थापन गर्ने र आगामि बर्ष मौज्दातको झोला प्रयोग गरेर मात्र थप आवश्यक भएमा मात्र खरिद गरी खर्चमा नियन्त्रण तथा मितव्ययिता कायम गर्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३८.३ **भेटेनरी औषधिः** सार्वजनिक खरिद ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिद कार्यको लागि लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने र दफा ८ मा तोकिए अनुसार खरिद विधिको छनौट गर्नुपर्ने दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाख सम्मको खरिदमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष विश्वास भेटेनरी सेन्टरबाट भेटेनरी शाखाबाट रु.१० लाख र वडा कार्यालयबाटरु.७ लाखको भेटेनरी औषधि खरिद गरी रु.१७२८९६० भुक्तानी दिएको छ। सोझै खरिद गरी वडाले समेत औषधि खरिद गर्दा खरिदमा एकरुपता नहुने तथा खरिदमा गुणस्तरता कायम हुन नसक्ने देखिन्छ। खरिद ऐन तथा नियमकोको व्यवस्था अनुसार खरिद कार्य गर्ने र वडा कार्यालयलाई भेटेनरी औषधि आवश्यक गर्दा पालिकाको भेटेनरी शाखाबाट एकमपुष्ट खरिद गरी वडा कार्यालयमा आवश्यकता अनुसार वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३९ **फरक दरमा भुक्तानीः -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नमर्स र जिल्ला दर रेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था रहेको छ। नगरपालिकाले निम्न उपभोक्ता समितिलाई बालुवाको जिल्ला दर रेटमा यतायात (लिड) खर्च दिदा निम्न दुरी राखी दर कायम गर्नु पर्नेमा सो भन्दा वढी दुरी राखी दर कायम गरेको देखिन्छ। यसरी वढी दुरी कायम गरी भुक्तानी भएको रकम असुल हुनु पर्ने रू.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ४२,५७७.१४ |

४० **धानको विउँ वितरणः -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (७) र (८) मा सरकारी निकायबाट कुनै कार्यक्रमको लागि खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनु पर्ने र सो कार्यक्रममा खर्च भएको खर्च, खरिद गरिएको

मालसमानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा लभान्वित व्यक्तिको संख्या र उपस्थिति समावेश गरी प्रतिवेदन तयार गरि अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ। धान विउ खरिद गरी पच्चास प्रतिशत नगरपालिकाले र पच्चास प्रतिशत सेवाग्राहीले भुक्तानी गर्ने गरी रेनिच भण्डारीलाई रू १० लाख पेश्की प्रदान गरेकोमा गो.भौ.नं. ३१९ बाट पेश्की फछ्र्यौट गर्दा रू १८,५१,१५० को धान खरिद गरेको विल पेश गरेको र धानको विउँ वितरण गर्न सहयोग गर्ने, ढुवानी खर्च र खाजामा रु ७३,४२५ गरेको देखिन्छ। कार्यक्रमको लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनु पर्ने र लभान्वित व्यक्तिको सङख्या उपस्थिति समावेश गरी प्रतिवेदन तयार गर्नु पर्ने र त्यसमा लाग्ने खर्चको अनुमान गरि स्वीकृत गराउनु पर्नेमा गरेको देखिएन। कार्यालय तर्फबाट १० लाख खर्च भएको र बाँकी १० लाख सेवाग्राहीबाट प्राप्त गरी खर्च गर्नु पर्नेमा ९,२४,५७५ मात्र खर्च गरेको देखिन्छ। यसरी रू २० लाखको विभ भरपाई पेश गर्नु पर्नेमा रू १९२४५७५ मात्र प्रमाण पेश भएकोले बाँकी रकम रू ७५,४२५ को प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल हुनु पर्ने रू.

| **सि.न** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | धान खरिद(श्री कृषण महिला कृषि सहकारी संस्था लि.) | १८५११५० |
| २ | सहयोगी | १५००० |
| ३ | सहजकर्ता | ९६०० |
| ४ | अनुगमन भत्ता | ६४०० |
| ५ | प्रस्ताव लेखन | २५०० |
| ६ | प्रतिवेदन | २५०० |
| ७ | ढुवानी खर्च | ३३२५० |
| ८ | खाजा र चिया | ४१७५ |
| | प्रमाण पेश भएको | १९२४५७५ |

| | | |
|---|---|---|
| | प्रमाण पेश हुनु पर्ने | २०००००० |
| | बाँकी रकम रू | ७५४२५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,४२५ |

४१ **अमानतबाट कार्यः -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले १ लाख रुपैयामा नबढाई अमानतबाट काम गराउन सक्ने उल्लेख छ । नगरपालिका अन्तर्गत विभिन्न वडामा निम्न कार्यको लागि कर्मचारीबाट विभिन्न गोश्वारा भौचरबाट तोकिएकोसीमा भन्दा बढीको अमानतबाट काम गराईरु. ६६७००० भुक्तानी भएको छ । उक्त योजनाहरुको अनुगमन प्रतिवेदन, कामको नापजाँच तथा कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन। नियमावलीको प्रावधान विपरित तोकिएको सिमा भन्दा बढीको कार्य अमानतबाट काम गराई भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। साथै उक्त कार्यको नाप जाँच तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ६०-२०७९/७/२९ | उज्यालो वडा कार्यक्रममा पोलबत्ती | अशुं इलेक्ट्रीक | ३००००० |
| १५२-२०७९/१२/१५ | वडा नं. ७ भित्र सडक बति जडान | अशुं इलेक्ट्रीक | ३६७००० |
| | जम्मा | | ६६७००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६७,००० |

४२ **वडा भवन निर्माणः** - वडा नं. ८,९,१० को भवन निर्माण गर्न श्री मलङ्ग कन्ट्रकसनसगँ रू १,५५,३१,२५६.९६ (मुअकर सहित) २०७९ असार १ मा सम्झौता गरेको छ। सम्झौता अनुसार कार्य सम्पन्न गर्ने अवधि २०७८ पौष ३० गते सम्म रहेकोमा अन्तिम पटक २०८० असार ३० गते सम्म म्याद थप गरेको छ। उक्त कामको बिल भुक्तानी गर्दा देखिएको व्यहोरा निम्न अनुसार छन।

४२.१ **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमवली २०६४ को नियम ११०(४) मा कार्य सम्पादन जमान्त निर्माण सम्पन्न अवधि र १३ महिनाको थप अवधिको हुनु पर्ने व्यवस्था रहेकोमा यस निर्माण कार्यका लागी कार्य सम्पादन जमान्त ७,८०,००० को लागी बैङ्क ग्यारेन्टीको म्याद २०८० जेष्ठ ३१ गते सम्म रहेको छ। उक्त निर्माण कार्यको म्याद २०८० असार ३० गते सम्म थप भएकोमा म्याद थप

भएको र १३ महिना अवधिको कार्यसम्पादन म्याद थप भएको देखिनएन। यसरी कार्य सम्पादन जमान्तको बैङ्क ग्यारेन्टीको अवधि २०८० असार ३० र १३ महिना थप अवधी गरी २०८१ श्रावण ३० गते सम्मको पेश हुनु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८०,००० |

४२.२ **निर्माण स्थालः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था रहेको छ। निर्माण व्यवसायीले म्याद थपको लागी मिति २०७९ पौष २ गते निर्माण स्थल उपलब्ध नभएकोले निर्माण कार्य प्राम्भ हुन नसकेकोले म्याद थपको लागि निवेदन दिएको देखिन्छ।यसरी निर्माण स्थल उपलब्ध हुनु नसकेकोले निर्माण कार्यमा ढिलाई तथा हाल सम्म प्रथम रनिङ्ग बिलमात्र भुक्तानी भएको छ। पहिला स्थान सुनिश्चित भएको तर पछि विवाद उत्पन्न भएकोले समय मै निर्माण स्थल उपलब्ध गराउन नसकेको भन्ने कार्यालयको भनाई रहेकोछ । नगरपालिकाले निर्माण स्थल उपलब्ध भएमा मात्र ठेक्का आह्वान गर्नु पर्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **नमुना विद्यालयः** कार्यक्रम सञ्चालन पुस्तिका २०७९/८० मा नमुना विद्यालयलाई स्तोरन्ती भौतिक पुर्वाधार निर्माण गर्न र प्राविधिक धारका विद्यालयमा कक्षा ११ सञ्चालनमा रहेको ल्याव व्यवथापनमा एक करोड-एक करोड रकम अनुदान प्रदान गर्दा विगत वर्षबाट निर्माण कार्यको प्रगति स्वीकृत गुरूयोजना वार्षिक कार्यान्वयन योजना र यस आवमा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहितको विद्यालयसगँ सम्झौता पश्चात पहिलो किस्ताको रूपमा कुल अनुदान रकमको ५० प्रतिशत, Structural Part कार्य सम्पन्न भए पश्चात ३० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात २० प्रतिशत अनुदान रकम प्रगतिको अधारमा भुक्तानी दिनु व्यवस्था रहेको छ। श्री गौरी शंकर माध्यमिक विद्यालयले नमुना विद्यालय भवन निर्माण गर्न तथा ल्याव व्यवस्थापनका लागी एक-एक करोड निर्माण अनुदान स्वीकृत भएको गो.भौ. नं. ७२ बाट रू. ८२,००,००० र गो.भौ.नं. ८१ / २०८०-३-२४ बाट रू. १८००००० गरी रू.१,००,००,००० भुक्तानी गरेको छ। नमुना विद्यालयले निर्माण कार्यको प्रगति पेश गरेको छैन। नरपालिकाले अनुगमन गरी अनुदानको उपयोग सुनिश्चित भए नभएको यकिन गरी मात्र बाकी किस्ता भुक्तानी गर्नु हुनु पर्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **सुरक्षित नागरिक आवास कार्यक्रमः** - सुरक्षित नागरिक आवास कार्यान्वयन, कार्यविधि २०७५ को परिच्छेद-३ मा छनौट भएका लाभ ग्राहीहरूलाई पहिलो किस्ता वापत साठी प्रतिशत रकम र निर्माण कार्य सम्पन्न भए पश्चात बाँकी रकम उपलब्ध गराउने व्यवस्था रहेको छ। नगरपालिकामा नागरिक आवासका लागि मापदण्ड अनुसार १३० घर परिवार स्वीकृत भएको छ। स्वीकृत भएका १३० घरपरिवारसँग सम्झौता गरि पहिलो किस्ता वापत १२२ घर परिवारलाई उपलब्ध गराएको छ। पहिलो किस्ता उपलब्ध गराएको मध्ये

१०४ जना घरपरिवारले जस्तापाता/काठ खरिद गरी निर्माण कार्य सम्पन्न गरेको छ। पहिलो किस्ता प्राप्त गरी बाकी रहेका १८ जना घर परिवारले निर्माण सम्पान्न गरेको देखिएन। यसरी निर्माण सम्पन्न गर्न बाकी रहेको घर परिवारले यदि निर्माण कार्य नगरेको भए अनुगमन गरी रकम फिर्ता गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ४५ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः

४५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको र नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयहरुलाई व्यवस्थित गर्ने कार्यमा मात्र बजेट विनियोजन गर्नुपर्दछ। नगरपालिकाले निम्न सुरक्षा नियकालयलाई रु. ९,३५,९९७ आर्थिक सहायता वितरण गरेको पाइयो।गत आ.व.मा पनि सुरक्षा निकायलाई रू.१३,९०,४७६ भुक्तानी दिएको वेरुजु कायम भएकोमा यस वर्ष पनि यस्ता खर्चलाई निरन्तरता दिएको छ। नगरपालिकाले नागरिकको जीवनस्तर उकास्ने खर्च नगरी अन्य निकायहरुको खर्च भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।संघीय कार्यलयबाट नै कार्यसञ्चालन गर्न वजेट व्यवस्था हुने हुदा स्थानीय सरकारलाई प्राप्त वजेट संघीय कार्यालयलाई उपलब्ध गराउन उचित देखिएन ।

| गो. भौ. नं. | सुरक्षा निकायको नाम | भुक्तानी लिने व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १२४-२०७९/०८/२७ | सशस्त्र प्रहरी बल, वेश निजगढ | पुजा कुमारी | गाडी मर्मत | १५७२०० |
| १४९-२०७९/१२/०१ | सशस्त्र प्रहरी बल, वेश निजगढ | विनायक आयल स्टोर्स | गाडी तेल | ५२७२४ |
| १५४-२०७९/१२/१५ | इलाका प्रहरी कार्यालय निजगढ | मुना आले मगर | सवारी साधान मर्मत | १९५६१३ |
| १९२-२०७९/१/११ | सशस्त्र प्रहरी बल, वेश निजगढ | विनायक आयल स्टोर्स | तेल | ४३०९४ |
| २०४- | सशस्त्र प्रहरी बल, वेश | विनायक आयल | तेल | १६८२० |

| | | | | |
|---|---|---|---|---|
| २०८०/०२/२२ | निजगढ | स्टोर्स | | |
| २०५-<br>२०८०/०२/२४ | इलाका प्रहरी कार्यालय निजगढ | निजगढ मोटर रिपेरिङ्ग वर्कशप | मर्मत | ५०००० |
| २६४-<br>२०८०/०३/१८ | सशस्त्र प्रहरी बल, वेश निजगढ | विनायक आयल स्टोर्स | तेल | ५१३९७ |
| ११५-<br>२०७९/०८/२१ | सशस्त्र प्रहरी बल, वेश निजगढ | विनायक आयल स्टोर्स | तेल | ११४७६२ |
| १०४-<br>२०७९/०८/१३ | इलाका प्रहरी कार्यालय निजगढ | मुना आलेमगर | | २५४३८७ |
| जम्मा | | | | ९३५९९७ |

सैद्धान्तिक बेरुजु

४५.२ पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. २७१७९०० भुक्तानी दिएको पाईयो । यसमा नियन्त्रण गरी पुजीगत वजेटबाट पुजीगत प्रकृतिका काम मात्र गरिनुपर्दछ।

| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम** | **भुक्तानी पाउने व्यक्ती / खर्च भएको कार्यक्रम** | **खर्च** | **कैफियत** |
|---|---|---|---|---|
| १ | दिर्घ रोगी हरूलाई औषधी उपचार बापत | विभिन्न व्यक्ती | ११४५००० | गत आ.वको |

| | | | | |
|---|---|---|---|---|
| | रकम भुक्तानी | | | भुकतानी |
| २ | प्रोफाइल चित्र बापत रकम भुक्तानी | सेफियन्स मिडीया प्रा.ली भुक्तानी | १५०००० | गत आ.वको भुकतानी |
| ३ | दिर्घ रोगी हरूलाई औषधी उपचार | विभिन्न व्यक्ती | १२५००० | गत आ.वको भुकतानी |
| ४ | कृत्रिम गर्भाधान | युगल किशोर | ४२६५०० | |
| ५ | निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम | युगल किशोर | २७१४०० | |
| ६ | हरियाको घर देखि इश्वरको घर सम्म एजिङ्ग वाड-४ र सुख्खा क्षेत्रमा सिचाई-४ | वडा कार्यालयको विविधमा भुक्तानी | ४००००० | |
| ७ | खानेपानी संस्थालाई पाइप विस्तार | जेष्ठ नागरिक तथा आश्क्त व्यक्तीलाई घरदैलो स्वास्थय परिक्षण | २००००० | |
| | | | | सैद्धान्तिक बेरुजु |

४६ **खानेपानी पाइपः**

४६.१ **खानेपानी पाइप विवरणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्वच्छ खानेपानीका लागी श्री सार्थक इन्टरप्राइजेजसगँ सम्झौता गरी रू १५,४५,३३१.५० एचडिपि पाइप खरिद भएकोमा निम्न वडालाई वितरण गरेको छ। आवश्यकता पहिचान नगरी वजेट खर्च गर्ने उदेश्यले गरेको खरिद कार्य नियमित देखिदैन। साथै उक्त पाईप सम्बन्धित स्थानमा प्रयोग भएको प्रमाण खुल्ने नापी किताब तथा प्राविधिक पुष्ठ्याईको प्रमाण पेश हुनु पर्ने रू.

| वडा नं. ३ | |
|---|---|
| HDPE Pipe | Quatity |
| ११० mm/६Kg/cm२ | ५०० Rm |
| ७५ mm/६Kg/cm२ | ६०० Rm |
| ६३ mm/६Kg/cm२ | ७०० Rm |
| ५० mm/६Kg/cm२ | १५०० Rm |
| ४० mm/६Kg/cm२ | ३०० Rm |
| २५ mm/१०Kg/cm२ | ४०० Rm |
| **वडा नं. १२** | |
| HDPE Pipe | Quatity |
| ३२ mm/६Kg/cm२ | १४००Rm |
| २५ mm/१०Kg/cm२ | १०००Rm |
| ४० mm/६Kg/cm२ | १०००Rm |
| ६३ mm/६Kg/cm२ | ८०० Rm |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,४५,३३१.५ |

४६.२ **खानेपानी पाइप विवरणः** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले हिमालयन पलास्टिक उद्योग सँग रकम रू. ४,९९,८२१.६०(मु.अ.कर सहित) को एच.डी.पी ६ केजी/से.मि. ६३mm १९३० रनिङ्ग मिटर पाइप खरिद गरेको छ। उक्त पाइप खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई हस्तानतरण गरेको छ। उक्त संस्थालाई हस्तानरण गरेको पाईप सम्बन्धित स्थानमा नापी किताब तथा प्राविधिक पुष्ठ्याईको पेश गरेको पाइएन। यसरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई हस्तानतरण गरेको पाइपको नापी किताब तथा प्राविधिक प्रतिवेदन सहितको प्रमाण पेश हुनु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,८२१.६ |

४७ **सामजिक सुरक्षा भत्ता फिर्ता** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १८(२) सामजिक सुरक्षा भत्ता वितरण सम्बन्धि निकासा र खर्चको लेखा अद्यावधिक बैकसँगको हिसाव मिलान गरी बाँकी रकम कोष तथा लेखानियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । यस पालिकाले सामजिक सुरक्षा भत्तावापत रुरु.१५५९११०३६।०० वजेट विनियोजन निकासा गरेकोमा जम्मा रु १५४६६४५२९।०० भत्ता वितरण गरी रु १२४६५०७ फिर्ता गर्नुपर्ने देखिएको साथै मृत्यु भएको व्यक्तिको फिर्ता रु ६६८०६६ गरी फिर्ता गर्नुपर्ने जम्मा रु १९१४५७३। गर्नुपर्नेमा रु १७९१०५७ कोष तथा लेखानियन्त्रक कार्यालयमा फिर्ता गरी बाँकी रहेको सामजिक सुरक्षा वापतको फिर्ता गर्नुपर्ने रकम रु.

| विवरण | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रोत्रैमासिक | | चौंथो त्रैमासिक | | वार्षिक |
|---|---|---|---|---|---|---|---|---|---|
| (नियम २३ को उपनियम (१) | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरणगरेको संङ्ख्या | वितरण गरेको रकम | रकम रु |
| अन्य जेष्ठ नागरिक भत्ता | २०९४ | २३५४६३०१ | २१३३ | २५३२२३६० | २१६२ | २५७२८२५६ | २२६२ | २६८०९१६९ | १०१४०६०८६ |
| जेष्ठ नागरिक भत्ता | ४४ | ३३७८२० | ४४ | ३५११२० | ४५ | ३५९१०० | ४५ | ३४८४६० | १३९६५०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| (दलित) | | | | | | | | | |
| जेष्ठ नागरिक एकल महिला | २९८ | २३५४१०० | २९४ | २३४०८०० | ३०५ | २४१७९४० | ३०६ | २४२८५८० | ९५४१४२० |
| विधवा | ५४० | ४२६९३०० | ५५९ | ४३९४३२० | ५७१ | ४५१६६८० | ५५९ | ४४३९५४० | १७६१९८४० |
| पूर्ण अपाङ्गता भत्ता | ७६ | ९०९७२० | ७९ | ९२२२२२ | ८० | ९५७६०० | ८४ | ९९७५०० | ३७८७०४२ |
| अति अशक्त अपाङ्गता भत्ता | १५१ | ९६३९८४ | १६५ | १००९२०४ | १६३ | १०४०५९२ | १७८ | १११७२०० | ४१३०९८० |
| क्षेत्र तोकिएका बालबालिका | २४५९ | ३८३१५८६ | २६५९ | ४०२८८२२ | २७३६ | ४१६४५७९ | २७७३ | ४२८२२२९ | १६३०७२१६ |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | ७२ | ११३८४८ | ७७ | ११९०१५ | ७९ | ११८७९२ | ८० | १२३७९० | ४७५४४५ |
| लोपन्मुख | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जाति | | | | | | | | | |
| जम्मा | ५७३४ | ३६३२६६५९ | ६०१० | ३८४८७८६३ | ६१४१ | ३९३०३५३९ | ६२८७ | ४०५४६४६८ | १५४६६४५२९ |
| | | | | | | | | प्रमाण पेश नगरेको | १,२३,५१६ |

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : निजगढ नगरपालिका, निजगढ, बारा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुमन धिताल | २०७९-५-७ | |
| कार्यालय प्रमुख | राजमणि निरौला | २०७९-११-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिव प्रसाद देवकोटा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,९९७,१९२.१४ | १,७७२,७६१ | ६१,३००,२६७.०९ | ० | ० | २३,२१३,९०८ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ९४,२८४,१२८.२३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९४,२८४,१२८.२३ |

स्थानीय तह : निजगढ नगरपालिका, बारा ।

| **गत बर्षको जिम्मेवारी** | | १४८४०४०७५.४९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९९८४९००० | **चालु खर्च** | ४१२९३४८६२.१२ |
| **प्रदेश सरकारबाट अनुदान** | २९८४४००० | **पूँजीगत खर्च** | १९१६७६९६२ |
| **राजश्व बाँडफाँट** | १३८४८४५४२.३६ | **वित्तीय/अन्य व्यवस्था** | २७१७४६५.२ |
| **आन्तरिक आय** | ६३६३२४३१.४७ | | |
| **अन्य आय** | २५३४२६१२ | | |
| **कुल आय** | ६५७१५२५८५.८३ | **कुल खर्च** | ६०७३२९२८९.३२ |
| **बाँकी मौज्दात** | | १९८२२७३७२ | |

**बेरूजु दफा २५ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | फछ्यौंटको अन्तिम म्याद | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| कर्मचारी | | | | | | | |
| २०७९/०४/०१ | १ | वडा कार्यालयको विविध खर्च | टेक बहादुर घिमिरे | कार्यालय सहयोगी | २०८०/०३/३१ | १००००. | |
| २०७९/०४/०१ | १ | सवारी साधन तथा अन्य तेश्रो पक्ष विमा खर्च | टेक बहादुर घिमिरे | कार्यालय सहयोगी | २०८०/०३/३१ | २२२३१०. | |
| २०७९/०४/०१ | १ | पशु स्वास्थ्य शिविर वडा नं. १३ ३ १ र १० | निर्मल कुमार यादव | सहायक | २०८०/०३/३१ | ४०००००. | |
| २०७९/०४/०१ | १ | ईन्टरनेट तथा अन्य संचार व्यवस्थापन | प्रमोद न्यौपाने | पशु चिकित्सक | २०८०/०३/३१ | १०००००. | |
| २०७९/०४/०१ | १ | सवारी साधन मर्मत खर्च (हेवी तथा हलुका) | मेठ बहादुर दाहाल | सफाइ कर्मचारी | २०८०/०३/३१ | २५०००. | |
| २०७९/०४/०१ | १ | पशु बिमा कार्यक्रम (गाई भैंसी) ५०%२५ अनुदान | युगल किशोर सिहं | अधिकृत छैठौं | २०८०/०३/३१ | ११०००००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७९/०४/०१ | १ | पशु सेवा विविध कार्यक्रम खर्च | युगल किशोर सिहं | अधिकृत छैठौं | २०८०/०३/३१ | २०००००. | |
| २०७९/०४/०१ | १ | पशुमा निशुल्क गर्वाधान परीक्षण | युगल किशोर सिहं | अधिकृत छैठौं | २०८०/०३/३१ | १०००००. | |
| २०७९/०४/०१ | १ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | युगल किशोर सिहं | अधिकृत छैठौं | २०८०/०३/३१ | १८००००. | |
| २०७९/०४/०१ | १ | आरन वितरण | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | १०००००. | |
| २०७९/०४/०१ | १ | टनेल खेति | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | १०००००. | |
| २०७९/०४/०१ | १ | न्यानो कपडा वितरण | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | १०००००. | |
| २०७९/०४/०१ | १ | माघी पर्व विशेष | सोम सिंह | रा.प.अनं. तृतीय | २०८०/०३/३१ | १०००००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यक्रम | लामा | (मुखिया सरह) | | | |
| २०७९/०४/०१ | १ | वडा कार्यालयको आवश्यक खर्च | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | १०००००. | |
| २०७९/०४/०१ | १ | वडाको प्रगति विवरण पुस्तिका प्रकाशन | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | २५००००. | |
| २०७९/०४/०१ | १ | वडाको विभिन्न कार्यक्रम खर्च | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | १०००००. | |
| २०७९/०४/०१ | १ | विद्यार्थीहरुलाई साइकल वितरण कार्यक्रम | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | १८००००. | |
| २०७९/०४/०१ | १ | विविध खर्च | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | २२५०००. | |
| २०७९/०४/०१ | १ | सवारी साधन बिमा तथा परमिट नवीकरण खर्च | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | ३५७०००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७९/०४/०१ | १ | साहित्यिक कार्यक्रम | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | ७५०००. | |
| २०७९/०४/०१ | १ | सिलाई मेसिन वितरण | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | १०००००. | |
| २०७९/०४/०१ | १ | हेभि इक्विपमेन्ट तथा सवारी साधन मर्मत खर्च | सोम सिंह लामा | रा.प.अनं. तृतीय (मुखिया सरह) | २०८०/०३/३१ | १६००००. | |
| २०७९/०४/०१ | १ | शितलहरबाट जोगिन सामाग्री वितरण (दलित विपन्न वर्ग अल्पसंख्यक जनजाती) | हिरा लाल राना | सहायक चौथौ | २०८०/०३/३१ | ४०००००. | |
| २०७९/०४/०१ | १ | साईकल वितरण | हिरा लाल राना | सहायक चौथौ | २०८०/०३/३१ | १५००००. | |
| २०७९/०६/०१ | ३ | पशुपंक्षी पालन तालिम | रचना लामा | पशु सेवा प्राविधिक | २०८०/०३/३१ | २०००००. | |
| २०७९/०६/०१ | ३ | बालमैत्री नगररपालिका घोषणाको लागि सूचकहरु पुरा गर्ने | रोजी श्रेष्ठ | सहायक महिला बिकास निरीक्षक | २०८०/०३/३१ | ५०००००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७९/०६/०१ | ३ | चुहार खोलामा सिंचाई ड्याम वडा नं. १३ | विष्णु लाल श्रेष्ठ | सहायक चौथौ | २०८०/०३/३१ | ८५०००. | |
| २०७९/०६/०६ | ७ | क्षयरोग मुक्त घोषणा अभियानका विभिन्न कृयालकलापहरु | सिर्जना तिवारी | पब्लिक हेल्थ नर्स | | १४९००. | |
| २०७९/०७/०३ | ११५ | इन्धन वडा कार्यालय वडा नं. १२ | शुभचन्द्र महतो | सहायक पाँचौ | | ५००००. | |
| २०७९/०७/०३ | ११५ | मौसमी विउ विजन वितरण वडा नं. १२ | शुभचन्द्र महतो | सहायक पाँचौ | | ५००००. | |
| २०७९/०७/२९ | १९८ | ईन्धन वडा नं. ४ | शुभचन्द्र महतो | सहायक पाँचौ | | ५००००. | |
| २०७९/१०/०८ | ४३८ | छपाई र जिन्सी कार्यालय सामाग्री | रिजा पोखरेल | सहायक चौथौ | | ५०००००. | |
| २०७९/११/१८ | २५५ | अन्य विविध खर्च - आयोजना सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी विभिन्न बैंठकको चियापान लगायतको खर्च | अरुन कुमार वस्नेत | कम्प्युटर अपरेटर | | ८३५००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७९/१२/१३ | ५७४ | कृषि (किटनाशक औषधिवेमौसमी तरकारी उत्पादन) तथा पशुपालन तालिम वडा नं. ११ | रचना लामा | पशु सेवा प्राविधिक | | १०००००. | |
| २०७९/१२/२९ | ७०९ | हेवि इक्युपमेन्ट र सवारी साधन मर्मत | प्रकाश बढाथोकी | हेभी सवारी चालक | | १५९६. | |
| २०८०/०१/०८ | ३३४ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ कृषि पशुसेवा महिला तथा बालबालिका शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | रमेश लामा | जन स्वास्थ्य अधिकृत | | २४६०००. | |
| २०८०/०२/०१ | ३५५ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ कृषि पशुसेवा महिला तथा बालबालिका शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू | गोमा कुमारी राउत | सामाजिक परिचालक | | ६००००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सञ्चानल) | | | | | |
| २०८०/०२/२९ | १०१५ | पशु सेवा औषधी खरिद वडा नं. १ | निर्मल कुमार यादव | सहायक | | २०००००. | |
| २०८०/०३/१३ | ११५३ | अपाङ्गता परिचय पत्र वितरण स्थानीय समन्वय समिति मासिक बैठक भत्ता | रोजी श्रेष्ठ | सहायक महिला बिकास निरीक्षक | | १५७०००. | |
| २०८०/०३/२२ | ४९९ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ कृषि पशुसेवा महिला तथा बालबालिका शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | युगल किशोर सिहं | अधिकृतस्तर छैठौं | | ६००००. | |
| २०८०/०३/२३ | ५०८ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ कृषि पशुसेवा महिला तथा बालबालिका शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू | गोमा कुमारी राउत | सामाजिक परिचालक | | ३००००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सञ्चानल) | | | | | |
| **संस्थागत** | | | | | | | |
| २०७९/०४/०१ | १ | अन्य सम्पत्तिहरूको संचालन सम्भार तथा व्यवस्थापन | प्राथमिक स्वास्थ्य केन्द्र | | २०८०/०३/३१ | ५००००० | |
| २०७९/०४/०१ | १ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | प्राथमिक स्वास्थ्य केन्द्र | | २०८०/०३/३१ | ३००००० | |
| २०७९/०४/०१ | १ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा ANC न्यानो झोला Vitamin K Magnesium Sulphate Calcium Gluconate र निशुल्क गर्भपतन कार्यक्रम | रतनपुरी स्वास्थ्य चौकी | | २०८०/०३/३१ | ५०००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७९/०६/०१ | ३ | हिरालाल मार्ग नाला तथा कालो पत्रे | आर.पि. राजदेवी भक्त जे.भी | | २०८०/०३/३१ | २६०००००. | |
| २०७९/०६/०१ | ३ | सुर्यमान खोलामा पुल | टिकुली खोला खानेपानी तथा सरसफाई उपभोक्ता संस्था | | २०८०/०३/३१ | ३०००००. | |
| २०७९/०६/०१ | ३ | सुर्यमान खोलामा पुल | निजगढ न.पा. १२ १३ खानेपानी तथा सरसफाई उपभोक्ता समितिा | | २०८०/०३/३१ | ५०००००. | |
| २०७९/०६/०१ | ३ | खिला गाउँमा पर्यटकीय पोखरी निर्माण ड्याम सहित | रतनपुरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | | २०८०/०३/३१ | ५०००००. | |
| २०७९/०८/१४ | १० | सहिद हिरालाल मार्ग सडक तथा नाला निर्माण निजगढ नगरपालिका | मलङ्ग कन्स्ट्रक्सन | | | ७६०५०२. | |
| २०७९/०८/२९ | १२६ | गत आ.ब. को भुक्तानी दिन बाँकी वडा नं. ८९ १० वडा कार्यालय भवन | मलङ्ग कन्स्ट्रक्सन | | | २७०००००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | निर्माण | | | | | |
| २०८०/०१/०६ | ७३३ | नगर आवधिक योजना निर्माण | गभरनेन्स एण्ड डिजाइन सोलुसन प्रा. लि. | | | ३९६०००. | |
| | | | प्रतीत पत्र | | | | |
| २०७९/०४/०१ | १ | २ कोठे नया कक्षाकोठा सहित फर्निचर (कक्षा कोठा/ ल्ययाव /लाईब्रेरीका लागी समेत/भवन निर्मण शैक्षिक प्रयोजन) | जनज्योति आधारभुत विद्यालय | | २०८०/०३/३१ | ३२००००. | |
| | | | उपभोक्ता समिति | | | | |
| २०७९/०४/०१ | १ | कार्यपालिका सदस्य लक्षित वर्ग कोष | खानेपानी तथा सरसफाई उपभोक्ता समिति | | २०८०/०३/३१ | ६४३५००. | |
| २०७९/०४/०१ | १ | शहिद हिरालाल स्मृति प्रतिष्ठानको भवन निर्माण निजगढ नगरपालिका-८ | शहीद हिरालाल स्मृति प्रतिष्ठान सा.भ.नि.उ.स. | | २०८०/०३/३१ | ३००००००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७९/०६/०१ | ३ | नगरको खानेपानी कार्यक्रम ( खानेपानी महशुलमा न्युनतम शुल्क मिनाहा) | अटल वस्ती खानेपानी उपभाोक्ता समिति | | २०८०/०३/३१ | १००८००. | |
| २०७९/०६/०१ | ३ | नगरको खानेपानी कार्यक्रम ( खानेपानी महशुलमा न्युनतम शुल्क मिनाहा) | लाल खानेपानी उपभाोक्ता समुह | | २०८०/०३/३१ | ४५७२००. | |
| २०७९/०६/०१ | ३ | खानेपानी बोरीङ्ग २ र ३ मा (सिंगौल खानेपानी) | खानेपानी तथा सरसफाई उपभोक्ता समिति | | २०८०/०३/३१ | ५६१०००. | |
| २०७९/०६/०१ | ३ | नगरको खानेपानी कार्यक्रम ( खानेपानी महशुलमा न्युनतम शुल्क मिनाहा) | खानेपानी तथा सरसफाई उपभोक्ता समिति | | २०८०/०३/३१ | ४६०८००. | |
| २०७९/०६/०१ | ३ | वडा नं. २ सिँचाई व्यवस्थापन | श्री वडा नं. २ भुमिगत बोरिङ गर्ने उ.स | | २०८०/०३/३१ | ४९५०००. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७९/०६/०१ | ३ | नगरको खानेपानी कार्यक्रम ( खानेपानी महशुलमा न्युनतम शुल्क मिनाहा) | श्री सिंगौल ब्रह्मबाबा खानेपानी तथा सरसफाई आयोजना | | २०८०/०३/३१ | २८६८००. | |
| २०८०/०३/२४ | ७७ | लम्साल खोला सामतेलिन गुम्बा कृष्ण मन्दिर भालु घाट लाल खोला बगर खोला शिव मन्दिर वडा नं १२ भक्तलाल खोलाबाट रामथली जोड्ने झोपु भालुखोप निजगढ नगरपालिका वारा | श्री भालुघाट धन्सार खोला झोलुङ्गे पुल निर्माण उ.स. | | | १००००००. | |
| **व्यक्तिगत** | | | | | | | |
| २०७९/०४/०१ | १ | विविध दिवस/कार्यक्रम तथा अन्य भुक्तानी | अजय मलि | | २०८०/०३/३१ | ३००००. | |
| २०७९/०४/०१ | १ | सवारी साधन मर्मत खर्च (हेवी तथा हलुका) | अजय मलि | | २०८०/०३/३१ | ३००००. | |

| | | | |
|---|---|---|---|
| | | २३२१३९०८. | |

**बेरूजु दफा २८.६ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| **भौचर नं. र मिति** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| २९-०७९।६।९ | चिया खाजा वापतको भुक्तानी | यशोदा घिमिरे | ५३१३० |
| ९५-०७९।६।१२ | विभिन्न खाजा पसलको विल पेश भएको | हिरालाल राना | १४४६०० |
| १३५-०७९।७।३ | गौतम खाजा घर एण्ड क्याफेको ५ थान विल पेश | सोम सिंह लामा | १००००० |
| १३८-०७९।७।३ | होटल राजमार्गको २ थान विल पेश | सोम सिंह लामा | ४०००० |
| १४१-०७९।७।३ | विभिन्न संचार गृहको विल पेश | सोम सिंह लामा | ४२००० |
| १४२-०७९।७।३ | विभिन्न होटलको विल पेश | सोम सिंह लामा | १३२०९० |
| २२०-०७९।८।१३ | विभिन्न खाजा खानाको विल | हिरा लाल राना | ८५००० |
| २७०,२७१,२७२ | विविध खर्चको भुक्तानी | सुजित कर्ण | ११८९१० |
| २७७-०७९।८।२७ | खाजा खानाको विल पेश भएको | शुभचन्द्र महतो | १००००० |
| ३८३-०७९।९।२० | खेलकुद सामग्री खरिद | हिरा लाल राना | ५०००० |
| ३९५-०७९।९।२२ | खाजा खानाको विल पेश | हिरा लाल राना | ६२५०० |
| ४१८-०७९।१०।४ | खाजा तथा इन्धनको विल पेश | सुजित कर्ण | ८५८४७ |

| | | | |
|---|---|---|---|
| ५०३-०७९।११।१८ | तरकारीको विउ वितरण | हिरा लाल राना | १००००० |
| ५०५-०७९।११।१८ | विभिन्न खाजा खाना तथा मसलन्द सामग्रीको विल | धर्म राज लामिछाने | १०१२०० |
| ५०६-०७९।११।१८ | इन्धनको विल | धर्म राज लामिछाने | २०४३२ |
| ५१३-०७९।११।१९ | इन्धन खर्च | हिरा लाल राना | ९०५०० |
| ५१४-०७९।११।१९ | तरकारीको विउ वितरण | हिरा लाल राना | १००००० |
| ५१५-०७९।११।१९ | तरकारीको विउ वितरण | धर्म राज लामिछाने | १००००० |
| ७४५-०८०।१।८ | तरकारीको विउ वितरण | हिरा लाल राना | १००००० |
| ८६९-०८०।२।२ | तरकारीको विउ वितरण | सुमिता पराजुली | १००००० |
| ५२३-०७९।११।२१ | विविध खर्च | शुभचन्द्र महतो | ५७९९० |
| ६१३-०७९।१२।१४ | खाजा खाना तथा इन्धन खर्च | सुभाष कुमार ठाकुर | ५८००० |
| ६१५-०७९।१२।१४ | खाजा खाना तथा इन्धन खर्च | सुभाष कुमार ठाकुर | ३४३०० |
| ६१६-०७९।१२।१५ | खाजा खाना तथा अन्य विविध विल | सपना ढुंगाना | १५४४७५ |
| ६३०-०७९।१२।१५ | विविध खाजा खर्च | विष्णु लाल श्रेष्ठ | ५८००० |
| ६७४-०७९।१२।२८ | पत्रपत्रिका ईन्धन तथा विविध खर्च | सपना ढुंगाना | ८३९०० |
| ७५६-०८०।१।११ | कार्यलय संचालन तथा विविध खर्च | सुमिता पराजुली | १६८३०५ |

| | | | |
|---|---|---|---|
| ७९०-०८०।१।१९ | विविध खर्च | शुभचन्द्र महतो | ९३४८० |
| ८२१-०८०।१।२८ | फोटोकपि मेसिन खरिद | सपना ढुंगाना | ९७००० |
| ८२२-०८०।१।२८ | मकै चरी घाँसको विउ | सुमिता पराजुली | १००००० |
| ८२३-०८०।१।२८ | कार्यालय सामग्री तथा विविध खर्च | हिरा लाल राना | १५५००० |
| ८६६-०८०।२।१ | कार्यालय सामग्री तथा विविध खर्च | दिनेश परियार | १७६०६८ |
| ९५५-०८०।२।२२ | खाजा खर्च | धर्म राज लामिछाने | ३९१२० |
| ९६१-०८०।२।२२ | खाजा तथा कार्यालय संचालन | हिरा लाल राना | ५०००० |
| ९७१-०८०।२।२४ | कार्यालय संचालन | अरुन कुमार वस्नेत | ३६७७९ |
| ९७७-०८०।२।२४ | विविध खर्च भुक्तानी | धर्म राज लामिछाने | ४५२०० |
| ९८७-०८०।२।२६ | खाजा तथा विविध खर्च भुक्तानी | हिरा लाल राना | ९५६५० |
| १०५३-०८०।२।३२ | मोवाईल खरिद | सुजित कर्ण | २७६२५ |
| १०५६-०८०।२।३२ | खाजा तथा अन्य विविध खर्च | सुजित कर्ण | ५६८७५ |
| १०५७-०८०।३।१ | इन्धनको विल पेश | हिरा लाल कर्ण | १००००० |
| १०८३-०८०।३।३ | विविध खर्च | सुमिता पराजुली | ९९८७५ |
| १०८४-०८०।३।३ | खाजा तथा इन्धनको विल पेश | सपना ढुंगाना | १०८९९१ |

| | | | |
|---|---|---|---|
| ११२९-०८०।३।११ | कार्यालय सामग्री तथा खाजा | हिरा लाल राना | २००००० |
| ११३४-०८०।३।११ | कार्यालय सामग्री तथा खाजा | सुभाष कुमार ठाकुर | ९०४९१ |
| ११६३-०८०।३।१४ | कार्यालय सामग्री तथा खाजा | धर्म राज लामिछाने | ५७९५८ |
| ११९६-०८०।३।१७ | कार्यालय सम्बन्धी विविध खर्च | दिनेश परियार | १३१००० |
| १२०९-०८०।३।१७ | कार्यालय सम्बन्धी विविध खर्च | विष्णु लाल श्रेष्ठ | ५४१६७ |
| १२१३-०८०।३।१८ | स्वास्थ्य केन्द्र व्यवस्थापन तथा संचालन | रमेश लामा | ६३१८६ |
| १२२६-०८०।३।१९ | खाजा खाना खर्च | हिरा लाल राना | १०२००० |
| १२२७-०८०।३।१९ | खाजा खाना खर्च | हिरा लाल राना | ३४५०० |
| १२२९-०८०।३।१९ | खाजा खाना तथा कार्यालय संचालन खर्च | शुभ चन्द्र महतो | १९५२७५ |
| १२४५-०८०।३।२० | कार्यालय संचालन सामग्री | विष्णु लाल श्रेष्ठ | ९७००० |
| १२९०-०८०।३।२० | कार्यालय संचालन सम्बन्धी सामग्री | सोम सिंह लामा | ६१३६१ |
| १३३६-०८०।३।२२ | कार्यालय संचालन तथा विविध खर्च | सपना ढुंगाना | १६९४१५ |
| १३७२-०८०।३।२२ | कार्यालय संचालन तथा विविध खर्च | सुमिता पराजुली | १५५००० |
| १३७३-०८०।३।२२ | प्रशासनिक खर्च तथा विविध खर्च | हिरा लाल राना | २१५००० |
| १४५१-०८०।३।२४ | खाजाको भुक्तानी | हिरा लाल राना | ३२७००० |

| | |
|---|---|
| **जम्मा** | **५५७६१९५** |

**नोटः** प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।